# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रिब्दिकोट गाउँपालिका
## पाल्पा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रिब्दिकोट गाउँपालिका

## पाल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रिब्दिकोट गाउँपालिका

## पाल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मिति:२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ४२

विषय: **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

**रिब्दिकोट** गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

पाल्पा ।

१. **कैफियत सहितको राय** – हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ९४ लाख २२ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ३६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारवाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.७ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २५ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. ६१ लाख ५२ हजार समेत गरी यस वर्ष रु. ९३ लाख ८६ हजार बेरुजू कायम रहेको छ ।गाउँपालिकाको गतवर्ष सम्मको सम्परीक्षण पश्चात रु. १२ करोड ३६ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १३ करोड ३० लाख ७५ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **रिब्दिकोट** गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **रिब्दिकोट** गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



**(घनश्याम पराजुली )**
**नायब महालेखापरीक्षक**

# रिब्दिकोट गाउँपालिका, पाल्पा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६४ | २९ | ९४२२ | ० | २ | ३६ | ६४ | २७ | ९३८६ | ७१५ | ६१५२ | २५१९ | ० | ० | ८६७१ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रिब्दिकोट गाउँपालिका, पाल्पा जिल्ला | १२६११३ | ० | २४२४ | १२३६८९ | ० | ९३८६ | १३३०७५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।८० | ४२ | असुल दाखिला | ३२३०० |
| २ | ०७९।०८० | ४६ | असुल दाखिला | ३२०० |
| | **चालु वर्षको जम्मा** | | | **३५५००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | २०७८।७९ | | | ० |
| २ | २०७७।७८ | | | ६२४४४० |
| ३ | २०७५।७६ | | | १८००००० |
| | **गत विगतको जम्मा** | | | **२४२४४४०** |
| | **कुल जम्मा** | | | **२४५९९४०** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ८ वडा रहेको छ भने क्षेत्रफल १२४.५५ वर्ग किलोमिटर तथा १५६३६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१० देखि २०८०।०७।०३ सम्म रहेको छ ।
**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा सुचनाको पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** आय — व्ययतर्फ रु.८७४००२६५५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **वित्तीयप्रतिवेदन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट

स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) निम्नानुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५९००९२३२१.२८ | ४०४१६३८९८.६३ | | ४०४१६३८९८.६३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ५६७५९२३२१.२८ | ४०२०७१०२३.४४ | ० | ४०२०७१०२३.४४ |
| ११००० कर | ११ | ८९७४४०००. | ७२४२९५९८.१८ | ० | ७२४२९५९८.१८ |
| १३००० अनुदान | | ४०३६६८०००. | ३२३७७६५५५.५२ | ० | ३२३७७६५५५.५२ |
| संघीय सरकार | १२ | ३६६७९९०००. | २९१०७६७६५.५२ | ० | २९१०७६७६५.५२ |
| प्रदेश सरकार | १२ | ३६८६९०००. | ३२६९९७९०. | ० | ३२६९९७९०. |
| १४००० अन्य राजस्व | | ८९१२०००. | ५८६४८६९.७४ | ० | ५८६४८६९.७४ |
| ३२००० वित्तीय सम्पत्ति | | ६५२६८३२१.२८ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | २२५००००००. | २०९२८७५.१९ | | २०९२८७५.१९ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | २२५००००००. | ० | ० | ० |
| धरौटी | | ० | २०९२८७५.१९ | ० | २०९२८७५.१९ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५९००९२३२१.२८ | ४६९८३८७५७.७२ | | ४६९८३८७५७.७२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६७५९२३२१.२८ | ४६४५६३५०४.७२ | | ४६४५६३५०४.७२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २११९९९३२१.२८ | २०३३८९०४९.६३ | ० | २०३३८९०४९.६३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४२२६७६००. | ११४२०८७०४.७ | ० | ११४२०८७०४.७ |
| २५००० सहायता (Subsidy) | १८ | १०११०००. | ७६७०००. | ० | ७६७०००. |
| २७००० सामाजिक सुरक्षा | १८ | ११५६६०००. | ८५७९४०७. | ० | ८५७९४०७. |
| २८००० अन्य खर्च | १८ | १४६००००. | ८५६१८०. | ० | ८५६१८०. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९९२८८४००. | १३६७६३१६३.३९ | ० | १३६७६३१६३.३९ |
| घ. अन्य भूक्तानी | | २२५०००००. | ५२७५२५३. | | ५२७५२५३. |
| कोषहरु | | २२५०००००. | ३८९७७१४. | ० | ३८९७७१४. |
| धरौटी | | ० | १३७७५३९. | ० | १३७७५३९. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | -६५६७४८५९.०९ | | -६५६७४८५९.०९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १४८१४७५६५.०७ | | १४८१४७५६५.०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ८२४७२७०५.९८ | | ८२४७२७०५.९८ |
| बैंक तथा नगद बाकी | २४ | | ९०७१३३३९.५ | | ९०७१३३३९.५ |

**ख) कोष तथा लेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा ईकाइ कार्यालयबाट CGAS मार्फत कारोबार भएका तर पालिकाको संचितकोषमा समावेश नहुने कारोबारहरुको विवरण निम्न अनुसार रहेको छ :**

| शीर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| सामाजिक सूरक्षा कार्यक्रम | ११२५८१००० | १११८४९४४४ | १११८४९४४४ |
| गरिबसंग विषेश्वर | ४६५००० | ४६३००० | ४६३००० |
| भाषा तथा संस्कृति कार्यक्रम | ३५००००० | २८७९६२५ | २८७९६२५ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ९००००० | ८८४८७४ | ८८४८७४ |

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १११८४९४४४, भाषा तथा संस्कृति कार्यक्रमको रु २८७९६२५, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु ८८४८७४ र गरिबसंग विषेश्वरको रु ४६३००० समेत गरी रु ११६०७६९४३ सुत्रमा लेखाङ्कन गरेको छैन । जसबाट पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरण तथा वास्तविक आर्थिक कारोबारमा उपरोक्त रकम फरक परेको देखिन्छ । तसर्थ तालुक निकायले पालिकाको सबै आर्थिक कारोबारहरु समेटी एकिकृत विवरण तयार हुने गरी प्रणाली विकास गरी लागु गर्नुपर्दछ ।

- सुत्रले तयार गरेको वित्तीय विवरणमा आर्थिक वर्ष २०७८।७९ को अन्तिम मौज्दात रु.८०८९९०२१ रहेकोमा २०७९।८० मा जिम्मेवारीमा रु.१४८१४७५६५ सरेको देखिन्छ । जसअनुसार रु.६७२४८५४४ बढी जिम्मेवारी सरेको देखिन्छ । सुत्रले आर्थिक वर्षको अन्तमा बाँकी रहेको मौज्दातमा फरक नपर्ने गरि जिम्मेवारीसारी वित्तीय विवरण तयार गर्ने गरी प्रणालीमा सुधार हुनुपर्दछ ।
- साथै पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरणको अनुसूची १५ धरौटी तथा कोषको विवरणमा गत वर्षको जिम्मेवारी रु.८०७४८८७१ मा यस वर्षकोको आम्दानी रु.२०९२८७५ जोडी रु.३९६९८६५० देखाएको छ । जसबाट सुत्रको जोडजम्ममा फरक परेको देखिन्छ ।
- पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरणको २७२ को अनुसूची २४ मा बैक बाँकी रु.६७७६०१२७ देखाएकोमा खाताअनुसार बाँकीमा रु.९०७१३३३९ देखाएको छ । साथै वित्तीय विवरणको प्रथम खण्डमा श्रेस्ता

अनुसार बाँकी रु.८२४७२७०६ देखाएकोमा बैक बाँकी रु.९०७१३३९ देखाएको छ । जसअनुसार श्रेस्ता भन्दा बैकमा रु.८२४०६३४ बढी रहेको देखिन्छ ।

- उपरोक्त विवरण अनुसार पालिकाको सुत्रले तयार गरेको वित्तीय विवरणको अनुसूची अनुसार जोडजम्मा फरक परेको, एक अनुसूचीको अंक अर्को अनुसूचीमा फरक परी भिडान नभएको र पालिकाले पेश गरेको बैक स्टेटमेन्ट अनुसार समेत रु.९०७१३३९ बैक बाँकी देखिएकोले सुत्रले तयार गरेको वित्तीय विवरण यथार्थ छ भन्न सकिएन । तसर्थ तालुक निकायसँग समन्वय गरी बैक र श्रेस्ता बीच फरक परी बैक बढी देखिएको रकमको हिसाब भिडान हुनुपर्दछ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन :

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा उक्त समितिहरुलाई प्रभावकारी बनाउनु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदनलाइ कार्यान्वयन गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । ।साथै भुक्तानी गर्दा कर्मचारीको नाममा सोधभर्ना भएको देखिएकोले यसमा सुधार गरी सम्बन्धित पार्टिकोमा नै ई पेमेन्ट गर्नुपर्ने देखिन्छ ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा केही योजनामा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु ५३ करोड ४४ लाख ७९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता,

स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ४०५ योजनामा वजेट विनियोजन गरेकोमा योजना संख्या र रकमको विवरण निम्न छ ।

| **क्र. सं.** | **बर्गिकरण** | **योजना संख्या** |
|---|---|---|
| १ | रु ५० हजार सम्मका | ४० |
| २ | रु ५० हजार देखि रु १ लाख सम्मका | ११६ |
| ३ | रु २ लाख देखि ५ लाख सम्मका | २०० |
| ४ | रु ५ लाख देखि १० लाख सम्मका | ३७ |
| ५ | रु १० लाख देखि माथिका | १२ |
| **जम्मा** | | ४०५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **लक्ष्य प्रगति** - कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **८५% भन्दा वढी प्रगति** |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **कार्यक्रम संख्या** | ४०५ | ० | ० | ० | ४०५ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| रकम रु हजारमा | | | | | |
|---|---|---|---|---|---|
| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **प्रतिशत** | **क्षेत्रगत प्रतिशत** |
| १ | आर्थिक विकास | ६१३०२ | ३७७६४ | ६१.६ | ८.१ |
| २ | पूर्वाधार विकास | १२२३५० | ८२४७९ | ६७.४ | १७.७ |
| ३ | सामाजिक विकास | २८०५६६ | २६६०१९ | ९४.८ | ५७.३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४३१० | १३००५ | ९०.८ | २.८ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८९०६४ | ६५२९६ | ७३.३ | १४.१ |
| **जम्मा** | | **५६७५९२** | **४६४५६३** | **८१.८** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५७.३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा २.८ प्रतिशत रहेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१० **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **खर्च बिश्लेषण** - पालिकाको यसवर्ष मालपोत रजिष्ट्रेशन समेत आन्तरिक आयबाट रु ५८६४८६९, राजस्व बाँडफाँडबाट रु ७२४२९५९८ र अनुदानबाट रु ३२३७७६५५६ समेत रु ४०२०७१०२३ आम्दानी भएकोमा चालु तर्फ रु ३२७८००३४१ र पूँजिगत तर्फ रु १३६७६३१६३ समेत रु ४६४५६३५०४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.५६ प्रतिशत चालु र २९.४५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाको सुत्र प्रणाली अनुसार आय रु ९८६५६०० लक्ष्य रहेकोमा रु ८२९७३३७१ (११.८९ %) मात्र प्राप्त भएको देखिन्छ । त्यस्तै आन्तरिक आयतर्फ अनुमान र असुली अवस्था निम्न अनुसार रहेको छ ।

| **राजश्वउपशिर्षक** | **अनुमान** | **सुत्र प्रणाली देखाएको आम्दानी** | **सफ्टवयरले देखाएको आम्दानी** |
|---|---|---|---|
| एकीकृतसम्पति कर | १२००००० | ० | ९६६४९२ |
| भुमिकर/मालपोत | ३००००० | १६९३४७० | २७८५३६ |
| वहालकर | २००००० | ८०१९४५ | ८०१९४४ |
| बहालविटौरी कर | ३००० | ० | ० |
| अन्य कर | १०५००० | ६६४८१५ | ६६४८१५ |
| अन्यबिक्रिबाट प्राप्त रकम | ८००००० | ७९९३५८ | ७९९३५८ |
| नक्सापासदस्तुर | ३००००० | १२१२० | १२१२० |
| अन्य प्रशासनिक सेवाशुल्क | ११००००० | १७७९४३४ | ९०००० |

| | | | |
|---|---|---|---|
| सिफारिसदस्तुर | १०००००० | ९१०५२० | ९१०५२० |
| ब्यक्तिगत घटना दस्तुर | ५००००० | २९५६५० | २९५६५० |
| परिक्षा शुल्क | ६०००० | ९९६०० | ९९६०० |
| न्यायिक दस्तुर | २००० | ५०० | ५०० |
| अन्यराजश्व | ५०००० | १७४४७० | ० |
| अन्य क्षेत्रको आय | ६००००० | १३८९३७१ | २६०२२१५ |
| **जम्मा** | **६२२००००** | **८६२१२५३** | **७५२१७५०** |
| घरजग्गारजिष्ट्रेशन दस्तुर | ३४८४५०० | ० | ० |
| बाँडफाँडभई प्राप्त हुने मुल्य अभिबृद्धि कर | ६०९६७००० | ४७७०८३७९ | ० |
| बाँडफाँडभई प्राप्त हुने अन्त शुल्क | २०००००००० | १७४४३९१३ | ० |
| बाँडफाँडबाटप्राप्त हुने सावरी साधन कर | ३४८४५०० | ५५५५३५४ | ० |
| बाँडफाँडबाटप्राप्त हुने बन रोयल्टी | २०००००० | ० | ० |
| बाँडफाँडबाटप्राप्त हुने जलस्रोत रोयल्टी | २५००००० | ३६४४४७२ | ० |
| **जम्मा** | **९२४३६०००** | **७४३५२११८** | **०** |
| **कुलजम्मा** | **९८६५६०००** | **८२९७३३७१** | **७५२१७५०** |

आन्तरिक आम्दानी तर्फ पालिकाले प्रयोग गरेको सफ्टवयरले रु ७५२१७५० आम्दानी देखाएकोमा सुत्रप्रणालीले ८६२१२५३ आम्दानी देखाएको छ । कतिपय शिर्षकमा आम्दानी घटीबढी देखिएको छ भने कतिपयमा सुत्र प्रणालीमा आम्दानी देखिने र सफ्टवेयरमा आम्दानी नदेखिएको अवस्था छ । सुत्रप्रणाली र सफ्टवेयर प्रणाली बिच फरक परेको सन्दर्भमा शिर्षकगत आम्दानी मिलान गर्नुपर्दछ । कतिपय आम्दानीहरु सिधै सुत्रप्रणालीमा आम्दानी जनिने हुँदा फरक परेको पालिकाले जनाएको छ । आयका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । त्यस्तै पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदान र आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७५९९२८१४ | ८६२१२५३ | २.२% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयको हिस्सा २.२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१४ **नक्सा पास** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ देखि दफा ३९ मा स्थानीय तह भित्र नक्सा पास नगरी घर टहार बनाउने नपाईने व्यवस्था छ । पालिका बाट प्राप्त तथ्यांक अनुसार पालिकाधित्र ४७४६ घर रहेकोमा घर नक्सा पास कार्य भएको तथा सोको अभिलेखिकरण भएको पाईएन । ऐनमा तोकीए बमोजिम घर नक्सा पास कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध गराउने हुँदा स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **वार्षिक खरिद योजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले

वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले विभिन्न शीर्षक अन्तर्गत खुला बोलपत्रबाट २३८५६००० सोझै खरिद २५००००० उपभोक्ता समितिबाट ८११२१००० गैरसरकारी संस्थाबाट ६०००००० समेत गरी वार्षिक रु. ११३४७७००० को पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले सार्वजनिक खरिद नियमावली २०७६ तयार गरी कार्यान्वयन गरेको जनाएको छ ।

सैद्धान्तिक बेरुजु

१७ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| | | | | रु हजारमा |
|---|---|---|---|---|
| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
| औद्योगिक ग्राम | प्रविधी इन्जनियरिङ्ग सोलुसन प्रा लि | १३२५ | १०९९ | १९६९७० |
| गुराँसेडाँडा कालिकागढी पर्यटन प्रवर्द्धन | इगल सोलुसन प्रा लि | ४८९ | ४८९ | ७२४६८ |
| **जम्मा** | | **१८१४** | **१५८८** | **२६९४३८** |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

१८ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च रु हजारमा** | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|

| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
|---|---|---|---|---|---|---|
| पुँजीगत खर्चतर्फ | १३६७६४ | ७०३९ | २९८७७ | ९९८४७ | ० | ४७८५२ |
| प्रतिशत | १०० | ५.१५ | २१.८५ | ७३.०१ | ०.० | ३४.९९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार प्रथम त्रैमासिकमा रु.७० लाख ३९ हजार (५.१५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ९८ लाख ७७ हजार (२१.८५ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.९ करोड ९८ लाख ४७ हजार (७३.०१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु४ करोड ७८ लाख (३४.९८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **खरिद सम्झौता** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउँदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र निर्माण सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिनुपर्ने एवं कार्यक्रम सुचारु रुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृति बारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरी सक्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले सम्पूर्ण ठेक्काको सम्झौता कार्य प्रथम चौमासिक भित्र गर्न सकेको देखिदैन । अत : यसमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न समयमा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३ वटा नियमावली, ४५ कार्यविधि लगायत ५९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

२१ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद

दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको १० गरी कुल १४ विवाद दर्ता भएकोमा ९ वटा मात्र फस्यौंट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा प्रतिवेदनले औंल्याएका सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रभावकारी वनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाको वित्तिय प्रतिवेदन अनुसार यस वर्ष विविध खर्चतर्फ रु. १६८२००० र सभा संचालन तर्फ रु १३१९००० गरी रु ३०११००० खर्च गरेको देखिन्छ । पालिकाले यस्ता प्रकारका खर्चमा मितव्ययीता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। संचित कोषको वित्तिय प्रतिवेदन अनुसुचि १८ अनुसार पालिकाले विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ७६७००० आर्थिक सहायता वितरण गरेको छ । मापदण्डको पालना गरि आर्थिक सहायता वितरण गर्ने प्रक्रियालाई थप वस्तुपरक बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **भाषा तथा संस्कृतिक कार्यक्रम** - मगर भाषाको उत्थान लगायतका कार्यका लागि मगर संघ पाल्पालाई रकम उपलब्ध गराई रु ५००००० खर्च लेखेको छ । खर्चको विवरण अनुसार मगर संग वडा स्तरिय समिति गठन गर्न रु ६४०००, पालिका स्तरिय सचेतना कार्यक्रम अन्तर्गत खाजा नास्तामा रु ४५०००, यातायात खर्चमा रु ११२५०० लगायत रु २५८५०० र मगर कला संस्कृत नृत्य प्रतियोगिता तर्फ ६१००० मगर सस्कार कर्मकाण्डि पुस्तक रु १००००० र अन्य विविध खर्च समेत रु ५००००० समावेश भएको देखिन्छ ।भाषा संस्कृतिको उत्थानका लागि दिगो प्रकृतिको कार्य गरी यस्ता वितरणकारी खर्चमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट

लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन ।ठुलो बजारी क्षेत्र नभएकोले निजि जग्गामा नै व्यवस्थापन गरिएको जनाएको छ । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि अधिकृत भेटेरिनरी अधिकृत आलेप सहायक सहित १४ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । दरबन्दी अनुसार पदपूर्ति नभएको उल्लेख गरी पालिकाले समानिकरण अनुदानबाट तलब भुक्तानी गर्ने गरी दरबन्दी भित्रको प्राविधिक पदमा कर्मचारी करारमा राखेको छ । त्यस्तै पालिकाले वडाहरुमा कार्यसंचालन र सेवा प्रवाहमा समस्या परेको उल्लेख गरी ५ जना कम्प्युटर सहायक र ४ जना कृषि प्राविधिक र २ जना पशु प्राविधिक गरी ११ जना ज्यालादारीमा राखी वार्षिक रु ३९०६२६० खर्च लेखेको छ । उक्त रकममा दरबन्दी बाहिरका ५ कम्प्युटर सहायकको रकम समेत समावेश छ ।

सैद्धान्तिक बेरुजु

२९ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु. ३२५९४६५७ र पालिकाका तर्फ रु. २४०२२५६६ समेत रु. खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्ष २०७९।११।३० पछिको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।पालिकामा आन्तरिक लेखापरीक्षण शाखामा पद रिक्त भएकोले जनशक्ति अभावले गर्दा आन्तरिक लेखापरीक्षण हुन नसकेको पालिकाले जनाएको छ ।तसर्थ समयमै पदपुर्ति गरि कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३३ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण अपडेट गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **गरिब संग विषेश्वर** - गरिब संग विश्वेश्वर कार्यक्रम अन्तर्गत १५९ जनालाई विउ विजन वितरण गरी रु ९३००० तथा २२ वटा बाख्राको रु १२८०००, २ वटा बुङ्गुर वितरण वापत रु १२०००, २ थान ट्याङ्कि वापत रु १०००० र पसल संचालन वापत रु ६००० गरी जम्मा रु २४९००० खर्च लेखेकोमा विउविजन वितरणको भरपाई संलग्न गर्नुपर्ने सथै अनुदान सहयोग प्राप्त व्यक्तिहरुले बाख्रा बुङगुर पालन कार्यक्रम निरन्तर दिने सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **प्रकोप व्यवस्थापन कोष** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा चालु आर्थिक वर्षको बजेटले नखामेमा सोको प्रमाणित व्यहोरा सहित भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गर्नु पर्दछ । साथै उक्त नियममा तलब, घरभाडा लगायतका खर्च मात्र भुक्तानी दिन बाँकीको विवरण भरी राख्न पाउने व्यवस्था गरेको छ । पालिकाले २०७९।०३।२२ को निर्णयको आधारमा गो.भौ.नं. २ मिति २०७९।०६।११ बाट २०७८ श्रवण महिना देखि मंसिर महिना सम्मको कोभिड १९ को जोखिम भत्ता वापत खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रका दुई कर्मचारीलाई भुक्तानी दिई रु १४१९८० खर्च लेखेको छ । कोभिडको प्रकोप नियन्त्रण भई सामान्य अवस्था रहेको उक्त अवधिमा कुल ३३० जनाको कोभिड परीक्षण गरी ७० केश पोजेटिभ र २६० केश नेगेटिभ देखिएकोले सरदर दैनिक ३ जना भन्दा कम विरामी रहेको अवस्थामा कार्यपालिकाबाट अघिल्लो वर्षमा भएको निर्णयको आधारमा चालु आर्थिक वर्षमा खर्च लेखेको देखिन्छ । साथै निजहरुलाई उक्त प्राथमिक स्वास्थ्य केन्द्र व्यवस्थापन समितिको निर्णय अनुसार छुट्टै प्रोत्साहन भत्ता समेत भुक्तानी दिने गरेको खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रको आव ०७८।७९ को लेखापरिक्षण प्रतिवेदनबाट देखिन्छ । अतः भुक्तानी दिन बाँकी अभिलेख प्रमाणित वेगर अघिल्लो वर्षको निर्णयको आधारमा छुट्टै भत्ता समेत पाउने कर्मचारीलाई देहाय अनुसार भुक्तानी दिएको रकम प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रदान गरिएको थप सुविधालाई समेत यकिन गरी असूल हुनुपर्ने देखिएको छ ।

| **क्र सं** | **कर्मचारीको नाम** | **रकम कर बाहेक** |
|---|---|---|
| १ | डा सुधन न्यौपाने | ७२०४६ |

| | | |
|---|---|---|
| २ | सहायक डालबहादुर रायमाझी | ४८६३७ |
| जम्मा | | १२०६८३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२०,६८३ |

३४ **प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम** - सार्वजनिक खरिद नियमावलीको नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा नर्म्स कार्यक्षेत्रगत सर्त, अघिल्ला वर्षहरुको दरलाई आधार लिनुपर्ने ब्यवस्था छ । त्यस्तै मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक भ्रमण खर्च तालिम तथा गोष्ठी सम्बन्धी खर्च खुलाई अनुसुचि १क को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्राप्त बजेटको आधारमा सोझै दरभाउपत्र माग गरी निम्न दुई कार्यको लागि निम्नानुसार सम्झौता गरी भुक्तानी गरेको पाइयो । संलग्न विवरण अनुसार प्रमुख सहजकर्ता २० कार्यदिन र सहायक सहजकर्ता २० कार्यदिन लाग्ने उल्लेख गरेतापनी निजहरुको पारिश्रमिक दर अनुसार हुने लागत अनुमान तयार गरेको छैन । त्यस्तै सुशासन केन्द्र र पालिका बिच भएको समझदारी पत्रमा मिति समेत उल्लेख गरेको पाइएन । साथै शुसासन केन्द्र र स्थानीय तह विच समझदारीमा २०८०।२।१५ भित्र खरिद कार्य सम्पन्न गर्ने उल्लेख गरेकोमा केन्द्रको समझदारी बेगर म्याद थप गरी भुक्तानी दिएको अनियमित देखिएको रु

| कामको विवरण | परामर्शदाता | बजेट | खर्च |
|---|---|---|---|
| क्षमता विकास योजना तयार | अलना इन्टरनेशनल सर्भिसेस प्रालि | ४५०००० | ४४४०९० |
| आन्तरिक राजश्व सुधार योजना तयारी | रियल ड्रिम इन्टरनेशनल | ४५०००० | ४४०७८४ |
| जम्मा | | ९००००० | ८८४८७४ |

| | |
|---|---|
| अनियमित भएको | ८,८४,८७४ |

३५ **तालिम गोष्ठी** - तालिम गोष्ठी संचालन गर्दा सरोकारवाला स्पष्ट पहिचान गरी तालिम उपलब्ध गराउनुपर्ने, तालिम कार्ययोजना खर्च प्रस्ताव सेसनपलान संलग्न हुनुपर्ने एवं सो अनुसार क कस्ले कुन विषयमा प्रशिक्षण दिएको हो सो को कार्यपत्र संलग्न हुनुपर्नेमा कार्ययोजना खर्च प्रस्ताव र कार्यपत्र संलग्न भएको नपाइएकोले उपरोक्त विवरण संलग्न गर्नुपर्ने देखिएको छ ।

| **गोभौनं** | **तालिमकोनाम** | **सेसन** | **प्रशिक्षक भत्ता** |
|---|---|---|---|
| १८३।२०७९।९।१८ | Health Management | १२ | १६८०० |

| | | | |
|---|---|---|---|
| २१३।२०७९।११।१२ | नाक कान घाँटी | ४ | ५६०० |
| ५८३।२०८०।३।१९ | न्यूनतम सेवा मापदण्ड | २४ | ३३६०० |
| ५८४।२०८०।३।१९ | किशोर किशोरी मैत्रीस्वास्थ्य | २८ | ३९२०० |
| जम्मा | | | ९५२०० |

| सैद्धान्तिक बेरुजु |
|---|

## ३६ सामााजिम सुरक्षा

३६.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । सोही अनुसार वडाहरुलाई निकाशा भुक्तानी भएको रकम निम्नानुसार वितरण भइ कूल सामाजिक सुरक्षा भत्ता रु ११९७८१४७९ वितरण खर्च भएको देखियो।

| बैंक/ वडा | | प्रथम त्रैमासिक वितरण | दोस्रो त्रैमासिक वितरण | तेस्रो त्रैमासिक वितरण | चौथो त्रैमासिक वितरण | जम्मा वितरण |
|---|---|---|---|---|---|---|
| बैंक | वडा नं. | | | | | |
| शाईनरेसुङ्गा बैंक | १ | ३२९६५३२ | ३४४७६७० | ३४६१२३० | ३४९२७७६ | १३६९८२०८ |
| राष्ट्रियबाणिज्य बैंक | २ र ३ | ७२४६४६७ | ७३७२५८४ | ७४२३९५८ | ७४५५९२७ | २९४९८९३६ |
| एन.आई.सीएशिया बैंक | ४ | ३६६१६९७ | ३७८६४५४ | ३८२२८४१ | ३८५०४२७ | १५१२१४१९ |
| कृषिविकास बैंक | ५,६,७ र ८ | १२७९९१७७ | १३४१९४०३ | १३५६४७६१ | १३६७९५७५ | ५३४६२९१६ |

| | |
|---|---|
| जम्मा | ११११७८१४७९ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६.२ सामाजिक सुरक्षा कार्यविधि २०७७ अनुरुप लगत अद्यावधिक गर्नुपर्ने सोहि कार्यविधिको अनुसुचि १० अनुसार बैंक संग निश्क्रिय खाताहरुको विवरण माग गरी हिसाव मिलान गर्नुपर्ने र सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २२ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी अभिलेखको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने नियम १६ बमोजिम भएको व्यवस्थाहरुको विवरण पालिकाले त्रैमासिक तथा बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने लगायतका आन्तरिक लेखापरीक्षणबाट औंल्याएका व्यहोरामा सुधार हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६.३ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३ (१) मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा वार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्ने उल्लेख छ । उपनियम १ बमोजिम त्रैमासिक प्रतिवेदन पठाउँदा पहिलो त्रैमासिक प्रतिवेदन कार्तिक ७ गतेभित्र दोस्रो त्रैमासिक प्रतिवेदन माघ ७ गतेभित्र, तेस्रो त्रैमासिक प्रतिवेदन बैशाख ७ गतेभित्र र चौथो त्रैमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक वर्षको साउन १५ गतेभित्र विभागले तोके बमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा सो नियमको पालना भएको पाइएन। नियमले गरेको व्यवस्था पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **मिनिटीलर तथा कम्वाईन मिल खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले ५० प्रतिशत लागत साझेदारीमा २० थान मानीटिलर तथा ११ थान कम्वाईन मिल खरिद कार्यको लागि मकै वाली प्रवर्द्धन कार्यक्रम अन्तरगत यस वर्ष गोभौ ६०९ मिति २०८०।०३।२३ बाट ५० प्रतिशतले हुने रकम रु.८ लाख २० हजार भुक्तानी दिएको छ । श्रेस्तामा संलग्न गरेको कागजात तथा विल परीक्षण गर्दा सबै कृषक तथा कृषि समुहले कविता एग्रि प्रालि, चन्द्रागिरी-३, काठमाडौबाट प्रति थान रु.६०००० को दरले मिनिटीलर तथा रु.४२००० को दरले कम्बाईन मिल खरिद गरेको देखिन्छ । श्रेस्तामा संलग्न वितरणको भरपाई अनुसार ५० प्रतिशतले हुने रकम रु.१६४८००० कृषक स्वयमले बेहोरेको देखिन्छ । पालिकाले छनौट भएका कृषकबाट ५० प्रतिशत रकम संकलन गरी एकमुष्ट खरिद गरी भुक्तानी नदिएको कारण कृषकहरु सबैले काठमाडौ स्थित एकै सप्लायर्सबाट खरिद गरेको छुट्टाछुट्टै विजक पेश गरी रु.१६ लाख २० हजारका मिनिटिलर खरिद गरेकोमा खरिद कार्यमा प्रतिस्पर्धा भएको देखिएन। तसर्थ खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अपनाइ मितव्ययी हुने गरी खरिद गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३८ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि तथा पशु अनुदानमा रु. १३२०९३८९ खर्च लेखेको देखिन्छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र.सं. | तर्फ | अनुदानको विवरण | रकम |
|---|---|---|---|
| १ | कृषि | फर्म सुदृढीकरण | ५९८००० |
| २ | कृषि | मोडेल फर्म स्थापना | १८८१३०७ |
| ३ | कृषि | मकै वली प्रवर्द्धन कार्यक्रम | १९५४२७५ |
| ४ | कृषि | रैथाने वाली प्रव्द्धन कार्यक्रम | ५६६९५० |
| ५ | कृषि | पकेट विकास कार्यक्रम | १७१९१५६ |
| ६ | कृषि | उन्नतबीउ उत्पादकलाई प्रोत्साहन | ६५७६५ |
| ७ | कृषि | खाद्यान्न बालीको उन्नत बीउमा अनुदान | १९०४७० |
| ८ | कृषि | बीउ वितरण कार्यक्रम | १९५१००० |
| ९ | पशु | थरी तथा खोर सुधार, भकारो निर्माण | ३१८७४६६ |
| १० | पशु | भैसि, पाडापाँडी, बाख्रा, बंगुर खारिद | १०९५००० |
| जम्मा | | | १३२०९३८९ |

सैद्धान्तिक बेरुजु

३९ **मेडपा कार्यक्रम** - गाउँपालिकाले गोभौ ४८८ मिति २०८०।०२।०९ बाट गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) संचालन गरी रु.६९१४७२ खर्च गरेको छ । जसअन्तरगत यस वर्ष ९ जनालाई एडभान्स सिलाई

कटाई, १३ जनालाई आधारभुत सिलाई कटाई, १९ जनालाई व्यवसायिक व्युटीपार्लर, १८ जनालाई अगरबत्ती बनाउने, १० जनालाई मौरीपालन, ३१ जनालाई अचार बनाउने र २९ जनालाई व्यवसायिक तरकारी खेती सम्बन्धी तालिम दिएको छ । त्यसैगरी प्रविधि हस्तान्तरण अन्तरगत १० जनालाई मौरी सहितको घार, १८ जनालाई मेसिन र १३ जनालाई ईन्टरलक मेसिन उपलब्ध गराएको छ । तर उक्त तालिम लिएका तथा मेसिन उपकरण लिएका मध्ये के कति जनाले उक्त तालिम तथा प्रविधिको प्रयोग गरी लघु उद्यम संचालन गरेको भन्ने अभिलेख गाउँपालिकाले राखेको छैन । गाउँपालिकाले वर्षेनी तालिम संचालन गर्ने तर उक्त तालिमको प्रयोग गरी प्रशिक्षार्थिहरुले व्यवसाय तथा उद्यम सूरु नगरेको अवस्थामा तालिमको औचित्य रहदैन । तसर्थ पालिकाले हालसम्म संचालन गरेका व्यवसायिक तालिम तथा कार्यक्रमहरुको उपलब्ध मापन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **शीर्षक फरक पारी खर्च** - खर्च आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) कार्यालय प्रमुखले बजेट खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमको शीर्षकमा फरक शीर्षक पारी खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु

| गो भौ नं मिति | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|
| ८४५-०८०।३।६ | विद्युत व्यवस्थापन | पक्की नाली निर्माण | ७५००० |
| ८८६-०८०।३।१३ | मसलन्द तथा कार्यालय सामग्री | सामुदायिक भवन रङरोगन | १३१४५ |
| ९३९-०८०।३।१७ | स्वास्थ्य केन्द्र व्यवस्थापन | सवारी साधन मर्मत | १००००० |
| १०२८-०८०।३।२१ | अनुगमन तथा मुल्याङ्कन खर्च | सवारी साधन भाडा | ७७५०० |
| १०४२-०८०।३।२१ | घर व्लक व्यवस्थापन | फर्निचर खरिद | १४९८०० |
| १०५२-०८०।३।२२ | एम्बुलेन्स सेवा | प्लाष्टिकजन्य सामग्रि खरिद | ६६५२८ |
| जम्मा | | | ४८१९७३ |

| अनियमित भएको | ४,८१,९७३ |
|---|---|

४१ **बढी आमन्त्रित** - अर्थमन्त्रालय कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७ मा बैठक सम्बन्धि मापदण्डको व्यवस्था छ । सोही निर्देशिका अनुसार बढी आवश्यक परेमा मात्रै ३ जना आमन्त्रित गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले

विभिन्न समितिको बैठकमा तोकिएको सदस्य भन्दा बढी आमन्त्रित राखी भत्ता भुक्तानी गरेको देखियो ।पालिकाले आवश्यकता हेरी मात्रै आमन्त्रित गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं मिति | बैठकको नाम | आमन्त्रितराख्नुपर्ने बैठक सङ्ख्या | आमन्त्रितराखेको बैठक सङ्ख्या | बढी बैठक सङ्ख्या | रकम |
|---|---|---|---|---|---|
| ९२१-०८०।३।१५ | विषयगत समितिको बैठक | २१ | ४७ | २६ | २६००० |
| ९४६-०८०।३।१८ | नीति तथा कार्यक्रम मस्यौदा तयारी समिति | १२ | ३६ | २४ | २४००० |
| ९४७-०८०।३।१८ | शिक्षा समितिको बैटक | १२ | १७ | ५ | ५००० |
| १२९९-०८०।३।२४ | खरिद तथा मुल्याङ्कन समिति बैठक | ३० | ३३ | ३ | ३००० |
| ७७०-०८०।२।२१ | शिक्षा समितिको बैठक | ९ | १७ | ८ | ८००० |
| जम्मा | | | | | ६६००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **भत्ता - ५.........** ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु. ३२३०० ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **अनुदान वितरण -** साना व्यावसायिक पशुपालन कृषकको लागि प्रोत्साहन कार्यक्रम संचालनको मापदण्डमा बाख्रा पालनको लागि बजेटको परिधि भित्र रहि कुल लागतको ५० प्रतिशत तथा बढीमा रु २० हजार र बंगुर पालनमा कुल लागतको ५० प्रतिशत तथा बढीमा रु २० हजार अनुदान उपलब्ध गराउने सक्ने व्यवस्था छ । वडा नम्बर ६ ले वडा बजेटबाट वडा समितिले मापदण्ड उल्लेख भए अनुसार ५० प्रतिशत अनुदानमा दिने गरी निर्णय नगरी गरी १०० प्रतिशत नै अनुदान दिने निर्णय गरी ५२ जना एकल महिलालाई ५२ वटा बुगुंरको रु ४१०० को दरले रु २१३२०० र १२ जना एकल

महिलालाई १२ वटा बाख्राको रु ६२८०० गरी जम्मा रु २७६००० खर्च गरेको आधारमा पालिकाले गो.भौ.नं ७६३-०८०।२।१९ बाट खर्च लेखेको पाईयो । कृषकको कुनै पनि लागत सहभागिता नगराई मापदण्डको पालना नगरी वितरण गरेकोले नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,७६,००० |

४४ **वितरण भर्पाई -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमवली २०७७ को नियम ३९ बमोजिम खर्च लेख्दा विल भर्पाई सहित श्रेष्ता राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिमकव खर्च लेख्दा जिन्सि दाखिला र वितरणको भर्पाई संलग्न नभएको देखिएको सोको प्रमाण पेश हुनुपर्ने

| गो भौ नं मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ९६२-०८०।३।१९ | शैक्षिक सामग्री वितरण | २९९५८० | विद्यालय र विद्यार्थिलाई बुझाएको प्रमाण संलग्न नभएको |
| ९८२-०८०।३।२० | पुस्तक खरिद | ५९३२५ | जिन्सी दाखिलाको प्रमाण संलग्न नभएको |
| ९८७-०८०।३।२० | मगर ड्रेस खरिद | २९२०० | वितरणको भर्पाई संलग्न नभएको |
| १०६६-०८०।३।२३ | सफ्टवेयर खरिद | ८७००० | जिन्सी दाखिलाको प्रमाण संलग्न नभएको |
| जम्मा | | ४७५१०५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७५,१०५ |

४५ **प्रोत्साहन** - कार्यापालिकाको निर्णय बमोजिम महिला स्वास्थ्य स्वयंमसेविकालाई प्रोत्साहित भत्ता भनेर वार्षिक रु ६००० दिने निर्णय गरेकोमा गो भौ नं मिति ९५२-०८०।३।१९ बाट ९ जना महिला स्वास्थ्य स्वयंमसेविकालाई थप रु ३६०० को दर ढाकाका साडि खरिद गरी रु ३२४०० खर्च थप खर्च लेखेको पाइयो । यसरी पालिकका निर्णयको पालन नगरी अतिरिक्त खर्च लेखेकोले पालिकाको खर्च समर्थन पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३२,४०० |

४६ **बढी भुक्तानी** - ✂........... ***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।१२।१९ को निर्णयबाट रु. ३२०० ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **सवारी साधान**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा स्वीकृत वजेट खर्च गर्दा मितव्ययी किसिमले खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै भ्रमण खर्च नियमावली २०६४ को नियम ४ मा सम्भव भएसम्म किफायति र कम खर्चिलो बाटो वा साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नबमोजिम भौचरबाट सवारी साधान भाडामा लिएको छ । यसरी भाडामा लिदाँ भाडामा लिनुपर्ने आवश्यकता प्रयोजन उद्देश्य खुलाई, दर निर्धारण एवं सम्झौता समेत गरी मितव्ययीता अपनाउनु पर्दछ ।

| **गो भौ नं मिति** | **सवारी धनिको नाम** | **गाडी नं** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २४-०७९।५।२७ | सुजन कार्की | बा १ च २६३ | २५८०० |
| ९२२-०८०।३।१५ | केशव न्यौपाने | लु २ च ५०७१ | ३६००० |
| ९२५-०८०।३।१५ | जीवन प्रसाद ज्ञवाली | लु १ ज २६२१ | १३१०० |
| ९४२-०८०।३।१७ | विजय यादव | लु १ च ६५२३ | ११५०० |
| ९७५-०८०।३।१९ | केशव न्यौपाने | लु २ च ५०७१ | ३६००० |
| ९८१-०८०।३।२० | केशव न्यौपाने | लु २ च ५०७१ | १०९६०० |
| १०४७-०८।३।२२ | गणेश रायमाझी | बा १९ च ३५३७ | ४८००० |
| १०४८-०८०।३।२२ | केशव न्यौपाने | लु २ च ५०७१ | ३३७०० |
| ५८०-०७९।१२।१९ | केशव न्यौपाने | लु २ च ५०७१ | ४०००० |
| जम्मा | | | ३५३७०० |

सैद्धान्तिक बेरुजु

४८ **वितरणमुखी खर्च** - स्थानिय तहले पुजीं सिर्जना नहुने खालका वितरणमुखि खर्चलाई निरुत्साहित गर्दै अधिकत्तम प्रतिफल दिने र पुजीं निर्माण हुने किसिमका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले गोभौनं १०६७-०८०।३।२३ बाट पालिकाका महिलाहरु पोखरा अवोलकन भ्रमण जादाँको रु १००००० खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९ **ग्रेड रकम** - नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ३७ मा कर्मचारीले एक वर्ष पूरा भएमा तोकीए बमोजिम तलब वृद्धि पाउने तथा तलबी प्रतिवेदन पारित हुनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले स्वास्थ्यतर्फ यस वर्ष देहायअनुसार ग्रेड रकम खर्च लेखेकोमा वर्ष भरी ३२ जना कर्मचारीहरु कार्यरत रहेको अवस्थामा समेत देहाय अनुसार मासिक रुपमा फरक फरक ग्रेड रकम भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नभएकोले कर्मचारीले पाउने ग्रेड रकम यकिन गर्न सकिएन। तसर्थ तालुक निकायबाट तलबी प्रतिवेदन परीत गरी ग्रेड रकम यकिन हुनुपर्दछ ।साथै वर्षभरी कर्मचारी संख्या सामन भएको अवस्थामा ग्रेड रकम वृद्धी हुनुपर्नेमा आर्थिक वर्षको प्रथम महिना भन्दा अन्तिम महिनामा घटी ग्रेड रकम खर्च लेखेकोले फरक परेको रकम को हिसाब गरी बढी भए नभएको यकिन हुनुपर्दछ ।

| **क.सं.** | **महिना** | **कर्मचारी संख्या** | **ग्रेड रकम** | **प्राविधिक ग्रेड** | **जम्मा** | **२०८० आषाढको तुलनामा फरक रकम** |
|---|---|---|---|---|---|---|
| १ | श्रावण | २५ | १८९७२७ | ५२२८ | १९४९५५ | २३१२८ |
| २ | भाद्र | २५ | २००९७६ | ५२२८ | २०६२०४ | ३४३७७ |
| ३ | असोज | २६ | २०६०१२ | ७५४४ | २१३५५६ | ४१७२९ |
| ४ | कार्तीक | २६ | १७४३११ | ७५४४ | १८१८५५ | १००२८ |
| ५ | मंसिर | २५ | १६८९१० | ८१४० | १७७०५० | ५२२३ |
| ६ | पुष | २३ | १५२७९८ | ५२२८ | १५८०२६ | -१३८०१ |
| ७ | माघ | २३ | १५१७८३ | ५२२८ | १५७०११ | -१४८१६ |
| ८ | फागुन | २४ | १५८७८५ | ५२२८ | १६४०१३ | -७८१४ |
| ९ | चैत्र | २४ | १६६९१० | ५२२८ | १७२१३८ | ३११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | बैशाख | २४ | १७१५४२ | ५२२८ | १७६७७० | ४९४३ |
| ११ | जेष्ठ | २४ | १६५७५२ | ५२२८ | १७०९८० | -८४७ |
| १२ | आषाढ | २४ | १६६५९९ | ५२२८ | १७१८२७ | ० |
| १३ | | | **२०७४१०५** | ७०२८० | २१४४३८५ | ८२४६१ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५० **महंगी भत्ता** - नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ५३ मा अध्यान विदामा रहेको अवधिमा महंगी भत्ता पाउने व्यवस्था रहेको देखिदैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.७ मिति २०७९।०४।०२ को पत्रानुसार मिति २०७८।०१।१५ देखि तलबी अध्ययन विदामा रहेको डा. सच्चु थापालाई २०७८ जेष्ठ देखि २०८० आषाढ सम्मको तलब भुक्तानी दिदाँ महंगी भत्ता मासिक रु.२००० का दरले रु. २८००० महंगी भत्ता भुक्तानी दिएको छ । अतः महंगी भत्ता पाउने प्रमाण पेश हुनुपर्दछ अन्यथा उक्त रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,००० |

५१ **पारिश्रमिक कर** - आय कर ऐन, २०५८ को दफा ८८ मा पारिश्रमिक कर सम्बन्धी व्यवस्था रहेको छ । डा. सच्चु थापालाई २०७८ जेष्ठ देखि २०८० आषाढ १४ सम्मको विभिन्न कट्टी रकम पश्चात रु.६५२३६३ भुक्तानी दिदाँ दाम्पत्ती छुट हुने रु. ६ लाख घटाई बाँकी रकम रु.५२३६३ मा रु.५२३६ पारिश्रमिक कर कट्टी गरेको देखिन । उक्त कर रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२३६ |

५२ **हाजिर भएको अवधिमा भ्रमण भत्ता** - खस्यौली प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत डा. सविन घले मिति २०७९ फागुन २७ गते देखि २०८० आषाढ मसान्तसम्म स्वास्थ्य केन्द्रमा उपस्थित भई कार्य गरेको प्रमाणित हाजिर बाट देखिन्छ । उक्त समयमा डा. सविन घलेले नाईट डिउडीमा रही विरामी चेकजाँच गरेको प्रमाण पेश गरी २०७९ फागुन २७ गते देखि २०८० आषाढ मसान्तसम्म १००% दिनको नाईट डिउटी भत्ता गोभौ ५८० मिति २०८०।०३।१९ बाट भुक्तानी लिएको देखिन्छ । तर निजले गोभौ ६२९ मिति २०८०।०३।२४ बाट निज मिति २०८० बैशाख १ देखि ७ र २१ देखि २४, जेष्ठ ५ देखि ८ र २५ देखि २८ तथा आषाढ ८ देखि ११ र १५ देखि १८ गतेसम्म सार्वजनिक सवारी साधन प्रयोग गरी काठमाडौ गएको भनी रु.७०२०० दैनीक भ्रमण भत्ता भुक्तानी लिएको देखिन्छ । स्वास्थ्य केन्द्रमा उपस्थित भई विरामि चेकजाँच गरेको व्यक्ति काठमाडौ गएको नहुन सक्ने भएकोले उक्त समयको भुक्तानी भएको दैनीक भ्रमण भत्ता असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,२०० |

५३ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्ने, आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा ७५ प्रतिशत वा १८ महिना बाँकी हुनुपर्ने व्यवस्था भएकोले भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले निम्न अनुसार रु २४६०००२ को औषधि खरिद गरेको देखिन्छ ।

| **गोभौनं** | **मिति** | **फर्मको नाम** | **खरिद बिधि** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| २१० | २०७९।११।१० | अबिक इन्टरनेशनल प्रा लि | बोलपत्र | ३९१३३१ | |
| ४६९ | २०८०।१।१७ | अबिक इन्टरनेशनल प्रा लि | बोलपत्र | ८४८२६१ | |
| ६२४ | २०८०।३।२४ | समुद्र मेडिको | कोटेशन | ७२२०२३ | सर्जिकल सामानको लागत अनुमान तयार नगरी खरिद गरेको |
| ६२५ | २०८०।३।२४ | पि पि सप्लायर्स | कोटेशन | ४९८३८७ | ६१ आइटम औषधिको लागत अनुमान तयार नगरि खरिद |
| | जम्मा | | | २४६०००२ | |

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन । उक्त औषधिहरु स्वास्थ्य चौकीबाट माग भएअनुसार एकमुष्ट निकासी गरेको छ । साथै जिल्लाबाट के कति परिमाणमा औषधी प्राप्त भएको हो सोको विवरण पालिका पाम्समा देखिदैन । साथै स्वास्थ्य चौकीलाई वितरण भएअनुसार चौकीको औषधी खर्च तथा मौज्दात सम्बन्धमा पालिकाबाट अनुगमन भएको समेत देखिएन । तसर्थ विभिन्न क्षेत्रबाट प्राप्त औषधी तथा पालिकाबाट खरिद भएका औषधिको एकिकृत अभिलेख राखी औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५४ **सत्यापन** - कार्यक्रम कार्यान्वयन पुस्तिकाले दिवा खाजा, पाठ्यपुस्तक, पिसिएफ तथा निरन्तर विद्यार्थीक मुल्यांकन, छात्रकृषि लगायतका रकम निकासा गर्दा विद्यालयले ई मिसमा प्रवृटी गरेको विद्यार्थीको संख्याको स्थलगत निरीक्षण गरी (सत्यापन) विद्यार्थी संख्या यकिन भए बमोजिम गर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विद्यालयहरुले ई मिसमा प्रविस्टी गरेको विद्यार्थी संख्या सत्यापन गरी सोही तथ्यांकलाई आधारमा देहाय अनुसार रकम निकासा दिएको छ । पालिकाले विद्यालयबाट ई मिसमा प्रविस्टी गरीएको विद्यार्थी संख्या यकिन गर्न स्थलगत अनुगमन गरी सत्यापन गर्ने कार्य गरी सत्यापनबाट प्राप्त विद्यार्थी संख्याको अधारमा मात्र निकासा दिनुपर्छ ।

| **क्र.सं.** | **वापत** | **विद्यार्थी संख्या** | **निकासा रकम** |
|---|---|---|---|
| १ | दिवा खाजा | २५३९ | ५३२९३०५ |
| २ | पाठ्यपुस्तक | ४२०८ | २१४४५१५ |
| ३ | पीसिएफ तथा निरन्तर मुल्यांकन | ४२०८ | ९५०५५० |
| ४ | छात्रवृती | १५८६ | ५५८२०० |
| ५ | आवासिय अनुदान | १९३ | ३४२००० |
| | **जम्मा** | | **९३२४५७०** |

सैद्धान्तिक बेरुजु

५५ **भेन्डीङ्ग मेसिन खरिद** - कार्यक्रम कार्यान्वय पुस्तीका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.२३ मा सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुको लागि निशुल्क सेनीटरी प्याड सम्बन्धी व्यवस्था रहेको छ । जसअनुसार नेपाल सरकारबाट प्राप्त रकमबाट सेनीटरी प्याड खरिद बाहेकको अन्य कार्यमा खर्च गर्न पाउने देखिदैन । कार्यालयले यस वर्ष सेनीटरी प्याड खरिद कार्यको ई-विड गरी सगुन अल्ट्रा थिन २८० एमएम का ८३४० पाकेट प्रति एकाई रु.४३.५१ मा खरिद गरेको छ । उक्त ई-विड बाट बचत रकमबाट स्नीटरी प्याड भेन्डीङ्ग तथा डिस्पोजल मेसिन खरिद गर्ने भनी गाउँपालिकाको सेनीटरी प्याड व्यवस्थापन समितिको निर्णय बमोजिम द ओसन सर्जिकलबाट रु.३९५५०० का ३ वटा भेन्डीङ्ग मेसिन र ७ वटा डिस्पोजल मेसिन खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेको छ । ६ देखि १२ सम्म अध्यानरत छात्राहरुको लागि निशुल्क सेनीटरी प्याड खरिदको लागि विनियोजित बजेटबाट भेन्डिङ्ग तथा डिस्पोजल मेसिन खरिद गरेकोमा तालुक निकायको खर्च समर्थन लिएको देखिएन । सेनिटरी प्याड संग सम्बन्धीत कार्यमै खर्च गरेको पालिकाले जनाएको छ ।

सैद्धान्तिक बेरुजु

५६ **शिक्षक दरवन्दी र पदपूर्ति** - शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस गाउँपालिका अन्तर्गत वाल विकास देखि १२ सम्मका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | **पदपूर्ति मध्ये करार** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|
| ३७ | २५५ | २५५ | १९ | ४२०८ |

उपरोक्त तथ्यांकलाई विश्लेषण गर्दा निम्नानुसार रहेको अवस्था छ ।

• नेपाल सरकारबाट तयार गरिएको विद्यालय क्षेत्र सुधार योजनाले विद्यार्थी शिक्षक अनुपात हिमाली क्षेत्रमा ३०, पहाडमा ३५ र तराई तथा उपत्यकामा ४० रहनुपर्ने उल्लेख गरेको छ । यस गाउँपालिका अन्तरगत ४२०८ विद्यार्थीको लागि २५५ शिक्षक भएकोले औषत शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ ।

• गाउँपालिकाबाट प्राप्त विवरण अनुसार ४ विद्यालयमा १ शिक्षक दरबन्दी रहेकोमा १४ देखि १९ जना मात्र विद्यार्थी रहेका छन भने २ शिक्षक दरवन्दी भएका ३ विद्यालयमा १६ देखि ३१ जना सम्म विद्यार्थी रेहको देखिन्छ ।

• त्यसैगरी ३ शिक्षक दरबन्दी रहेको १२ विद्यालयमा १६ देखि ९० जना सम्म विद्यार्थी रहेको प्रावि आरफोन, चण्डीभवानी प्रावि, कालिका प्रावि ताल, महेन्द्रजनता प्रावि, भगवती प्रावि सिरुपाते, आदर्श प्रावि, शान्ती प्राविमा ३ जना शिक्षक दरवन्दी रहेकोमा क्रमशः १६, २७, ३३, २८, ३६, ३५ र २६ जना विद्यार्थी रहेका छन् ।

तसर्थ पालिकाले विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात मिलान गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **अनुगमन** - कार्यक्रम कार्यान्वयन पुस्तिक २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१२ मा विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय अनुदान रकम छनौट भएका विद्यालयलाई एकमुष्ट अनुदान दिने र विद्यालयबाट खरिद भएको विलभरपाई प्राप्त भए पश्चात पालिकाबाट सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय स्थपनाका लागि देहाय अनुसार विद्यालयलाई निम्नानुसार रकम निकासा दिएकोमा विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भएकोमा विद्यालयले विल बमोजिम खरिद गरे/नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । तसर्थ पालिकाबाट अनुमगन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ ।

| क.सं. | विद्यालय | वापत | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सरस्वती माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६५०००० |
| २ | सोमहर आधारभुत विद्यालय | विज्ञान प्रयोगशाला | ६५०००० |
| ३ | लक्ष्मी माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला | ६५०००० |
| ४ | प्रभात माध्यामिक विद्यालय | आईसिटी तथा पुस्ताकालय | ६५०००० |
| ५ | नारायण माध्यामिक विद्यालय | आईसिटी तथा पुस्ताकालय | ६५०००० |
| ६ | लक्ष्मी माध्यामिक विद्यालय | आईसिटी ल्याब स्थापना | ६५०००० |
| ७ | प्रभात माध्यामिक विद्यालय | आईसिटी ल्याब स्थापना | ६५०००० |
| जम्मा | | | ४५५०००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५८ **पालिकाबाट शिक्षक** - पालिकाले स्वीकृत दरबन्दी भित्र रही शिक्षक व्यवस्थापन गर्नुपर्दछ । पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१७ मात्र रहेको तथा स्वीकृत दरबन्दी भित्र नपरेको शिक्षकको तलब शिर्षकमा २१ विद्यालयलाई गाउँपालिका चालुतर्फको गोभौ ४४ मिति २०७९।०६।०६ बाट रु. १५५४९०० खर्च लेखेको छ । पालिकाले शिक्षक विद्यार्थी अनुपात न्युन भएको अवस्थामा समेत विद्यालय मर्ज नगरी दरवन्दी वेगर शिक्षक व्यवस्थापन गरी पालिकाबाट अनुदान दिएको नियमित देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १५,५४,९०० |

५९ **नमुना विद्यालय** - नमुना विद्यालय व्यवस्थापन निर्देशिक २०७४ बमोजिम विद्यालयलाई आवासीय रुपमा संचालन गर्ने, नमुना उन्मुख बनाउने, शैक्षिक गुणस्तर कायम गरि विग स्कुल निर्माण गर्न एकमुष्ट अनुदान दिने पाउने व्यवस्था छ । पालिकाको स्वीकृत कार्यक्रम अनुसार नमुना विद्यालयको अनुदान वापत भवानी माध्यामिक विद्यालयलाई छनौट गरी गोभौ २२२ मिति २०८०।०१।०४ बाट रु.२० लाख निकासा दिएको छ । उक्त रकमबाट विद्यालयले कार्यविधि अनुसार कार्य गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन भएको देखिएन । पालिकाबाट अनुगमन गरि अनुदान रकमबाट सम्झौता अनुसार कार्य भएको सुनिश्चित हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६० **खानेपानी उपभोक्ता समितिको विद्युत महशुल** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) सरकारी निकायले खर्च गर्दा विल भरपाई र रित पुगेको वा नपुगेको भनि चेकजाँच गरि भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा गरीएको परीक्षणमा विभिन्न भौचर र मितिबाट गाँउकार्यपालिकको निर्णय बमोजिम वडा नं ४ मा रहेका विभिन्न खानेपानी लिफ्टिङ्ग उपभोक्ता समितिहरुलाई वडाको वार्षिक कार्यक्रममा समावेश गरी विद्युत महशुल वापतको रकम निम्नानुसार खर्च लेखेको पाईयो । समितिले पानी वितरण गरि स्थानीयबाट संकलन गरेको शुल्कबाट प्रशासनीक खर्च बेहोर्नुपर्नेमा पालिकाले समितिको खर्च वेहोरी विद्युत महशुलमा ४०६४८७ खर्च लेखेको पाईयो । उक्त समितिहरुले लाभग्राहीसंग खानेपानीको महशुल समेत लिने गरेकोमा समितिको लेखापरीक्षण प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने र पालिकाले दिएको अनुदानबाट नागरिकले प्राप्त गरेको सुविधा समेतलाई विश्लेषण गरी कार्यविधि बनाई खर्च लेख्नुपर्नेमा सो वेगर निर्णयको आधारमा मात्र खर्च लेख्नु उपयुक्त देखिएन ।

| भौचर | मिति | समितिको नाम | रकम |
|---|---|---|---|
| २४१ | २०८०।०१।१३ | कुखुरे ढाप लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १९४८५९ |
| ३७९ | २०८०।०१।१३ | वालगंगा लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ३९२४८ |
| ३४६ | २०८०।०१।१३ | रिनचौर गगनपानी टाकुरा लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | १६६२१ |
| ४३५ | २०८०।०१।१३ | भैरवनाथ मन्दीर व्यवस्थापन समिति | ६७०५६ |
| ३२७ | २०८०।०१।१३ | काफलबुट्टा हटिया लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ३५४३३ |
| ४२ | २०७९।०९।०४ | काफलबुट्टा हटिया लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २०६८८ |
| ४२ | २०७९।०९।०४ | वालगंगा लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | २०६६१ |
| ४२ | २०७९।०९।०४ | रिनचौर गगनपानी टाकुरा लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ११९२१ |
| जम्मा | | | ४०६४८७ |

सैद्धान्तिक बेरुजु

६१ **ईन्टरन्ट जडान** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यक्तीको निजी घरमा ईन्टरनेट जडान वापतको खर्च पालिकाबाट बेहोर्न पाउने व्यवस्था गरेको छैन । तर वडा नं. २ ले गत वर्ष ९९ घरमा ईन्टरनेट जडान गरी रु.६५९१०० खर्च गरेकोमा लेखापरीक्षणबाट यस प्रकारका खर्चमा नियन्त्रण हुनुपर्ने सुझाव प्राप्त भएकोमा यस वर्ष पुनः ४४ घरमा ईन्टरनेट जडान गरी गो.भौ. ४३४ मिति २०८०।०३।२१ बाट रु. २ लाख खर्च गरेको छ । वडाको वार्षिक आन्तरिक आय रु.३३२५२१ मात्र रहेकोमा पालिकाले अन्य वडाहरुसंग समानता कायम नहुने गरी ईन्टरनेट जडान खर्च लेख्न कार्यमा नियन्त्रण हुर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **हेभी ईक्युमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरे बमोजिम नै मेसिन उपकरण प्रयोग गर्ने गरेको पाइयो । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन

| भौचर | मिति | उपभोक्ता समिति | कार्य | प्रयोग भएको हेभी मेसिन | कार्य भएको | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ४५४ | २०८०।०२।२४ | हटिया भारकोट डुम्रे मोबा उस | सडक निर्माण तथा स्तरउन्नती | एक्साभेटर | १२६६६९३ | ११५००० |
| ३६६ | २०८०।०३।१७ | धारादी चापटारी मोटरबाटो | सडक निर्माण तथा स्तरउन्नती | एक्साभेटर | १६५८७७ | १४९१७४ |
| ३२२ | २०८०।०२।१३ | टोल नं.१ मोवा देखि जितेन्द्र ढकाल प्रेम ब थापा चनौटा मोबा | सडक निर्माण तथा स्तरउन्नती | एक्साभेटर | १६५१४० | १४९५३६ |
| २९२ | २०८०।०२।१० | नेउलि पानी म्यालगैरा वगाले धारा मोवा | सडक निर्माण तथा स्तरउन्नती | एक्साभेटर | १६५३९७ | १५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७६ | २०८०।०२।०४ | ख्याहा अर्गली कृषि सडक पहिरो रोकथाम तथा मर्मत | पहिरो सफाई | एक्साभेटर | ३३६७६६ | २९२००० |
| २५१ | २०८०।०१।२० | कन्टी पोखरा मुटका देउराली मोबा | सडक निर्माण तथा स्तरउन्नती | एक्साभेटर | ५६०१८३ | ५००००० |
| २२९ | २०८०।०१।११ | वडा नं.५ बटो मर्मत तथा संरक्षण समित | पहिरो सफाई | एक्साभेटर | २२३९४८ | २००००० |
| २०० | २०७९।१२।२० | फेकको बाटो मर्मत तथा पहिरो सोरसार | पहिरो सफाई | एक्साभेटर | ६०७४८५ | ५३७६९३ |
| १६० | २०७९।१२।०१ | मोटरबाटो संभार समिति | पहिरो सफाई | एक्साभेटर | ६६२०६३ | ६००००० |
| ३४ | २०७९।०७।२८ | मोटरबाटो संभार कोष उस | पहिरो सफाई | एक्साभेटर | ५४८४६९ | ५००००० |
| ४७ | २०७९।०९।०८ | वर्षादको पहिरो सफाई उस | पहिरो सफाई | एक्साभेटर | ७४४११२ | ६७०००० |
| ७८ | २०७९।१०।११ | मर्थिया गाक्षे मोटरबाटो मर्मत उस | पहिरो सफाई | एक्साभेटर | ३३३६२१ | ३००००० |
| ४३ HQ | २०८०।०९।०५ | आकस्मिक सडक मर्मत वडा नं.१, २ र ५ | पहिरो सफाई | एक्साभेटर | ९९७४०४ | ९९७४०४ |
| प्र ५९ | २०८०।०३।२४ | बतासेदेखी ढिकीचौर मोबा | सडक निर्माण तथा स्तरउन्नती | एक्साभेटर | ५४४०२५ | ४६८७३२ |
| प्र ३९ | २०८०।०३।०६ | आदर्श मावि देउराली ट्रस भवन | ट्रस निर्माण | एक्साभेटर | ५५६३३९ | ४७५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मर्मत १९ | २०८०।०३२४ | देउराली शान्तीचौर ख्याहा जोगिथुम सातमुरे मोबा स्तरउन्नती | सडक निर्माण तथा स्तरउन्नती | एक्साभेटर | २११२२५९ | १९००००० |
| | | | | एक्साभेटर | ९९८९७८१ | ९०३९५३९ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **समितिले निर्माण व्यवसायीको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गराउनु पर्ने तथा कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था गरेको छ । पालिकाले देहाय अनुसार सडक निर्माण तथा स्तरोन्नति कार्यको लागि डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरेको छ । उपभोक्ता समितिको स्थानीय सिप तथा श्रम प्रयोग नहुने गरी हेभी मेसिन प्रयोग हुने गरी लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरे अनुसार देहाय अनुसार उपभोक्ता समितिले अनुसूचीमा संलग्न भए अनुसार निर्माण व्यवसायीबाट कार्य गराई सम्झौता अनुसारको रकम भुक्तानी दिएको देखिन्छ । हेभी मेसिन प्रयोग हुने तथा जटील प्रकृतीका निर्माण कार्यहरु प्याकेजिङ्ग गरी प्रतिस्पर्धाको माध्यमबाट निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूची -२ मा संलग्न छ ।)**

६४ **समितिबाट जटील संरचना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, लिफ्ट खानेपानी, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्

| **भौचर** | **मिति** | **योजना/ उपभोक्ता समिति** | **कार्य** | **लागत अनुमान** | **मुल्यांकन** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|
| स ४२ | २०८०।०३।२४ | राधाकृष्ण प्रावि ख्याहा, २ कोठे भवन | आरसीसी भवन | २७५०२४९ | २२६७६४४ | २०८३२४२ |
| स ३२ | २०८०।०३।२० | भास्कर मावि, भवन निर्माण | आरसीसी भवन | २८१०२४९ | २८११४७५ | २५००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गापा ४८४ | २०८०।०३।२४ | दुधुङ्ग गहिरा लिफ्ट खानेपानी | लिफ्टीङ्ग सम्बन्धी कार्य | १४८८१९५ | १३११६९६ | ११३२८२९ |
| गापा ४५२ | २०८०।०३।२४ | खोप्चोखोला लिफ्ट खानेपानी | लिफ्टीङ्ग सम्बन्धी कार्य | १७१५३०० | १६३६२४३ | १४७६१७५ |
| गापा ४५१ | २०८०।०३।२३ | ढाप लिफ्ट अधुरो खानेपानी | लिफ्टीङ्ग सम्बन्धी कार्य | ११३७६५३ | ९९५९८० | ९७१८४३ |
| गापा ३२६ | २०८०।०२।२४ | झरझरे लिफ्ट अधुरो खानेपानी | लिफ्टीङ्ग सम्बन्धी कार्य | १०३१३३९ | १०२६५३६ | ९२४०९९ |
| प्र ५७ | २०८०।०३।२४ | मैनादी सामुदायिक स्वास्थ्य भवन | आरसीसी भवन | ११०१५९८ | १०२८५४२ | ९३६९९७ |
| प्र ५६ | २०८०।०३।२३ | सिलाङ्गथोक सामुदायिक भवन | आरसीसी भवन | ९९०३०० | ९९०३३८ | ८५५००० |
| प्र ५५ | २०८०।०३।२४ | हार्थोक लिफ्ट खानेपानी | लिफ्टीङ्ग सम्बन्धी कार्य | ११२५३९ | १०६४४९ | ८९८४३६ |
| जम्मा | | | | १३१३७४२२ | १३१३२९०३ | ११७७८६२१ |
| | | | | सैद्धान्तिक बेरुजु | | |

६५ **समितिबाट कार्यालय भवन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको ज्ञान सिप तथा श्रमको प्रयोग हुने तथा समितिलाई हस्तान्तरण हुने योजना मात्र उपभोक्ता समितिबाट गर्न पाउने व्यवस्था छ । यस पालिकाले देहायअनुसार उपभोक्ता समितिलाई हस्तान्तरण नहुने सार्वजनिक निकायको संरचना सुधार सम्बन्धी कार्य गरेको देखिन्छ । उपभोक्ता समितिको स्वामित्वमा नहने सार्वजनिक निकायको संरचना निर्माण तथा सुधार कार्य प्रतिस्पर्धाका आधारमा छनौट गरि गर्नुपर्ने देखिन्छ ।

| **भौचर** | **मिति** | **उपभोक्ता समिति तथा कार्य** | **भुक्तानी रकम** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४७० | २०८०।०३।२४ | वडा नं. १ कार्यालय पर्खाल निर्माण तथा रंरोगन | ३८०००० |
| ३९७ | २०८०।०२।२० | वडा नं.४ कार्यालय गेट तथा पर्खाल निर्माण | १७५००० |
| २२६ | २०८०।०२।१० | वडा नं. ७ कार्यालय घेरावार | १४४२५६ |
| जम्मा | | | ६९९२५६ |

सैद्धान्तिक बेरुजु

६६ **सडक तथा पहिरो -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा लाभग्राही समुदाय मर्मत संभार सहित हस्तान्तरण हुने योजना मात्र उपभोक्ता समितिबाट गर्न पाउने व्यवस्था छ । पालिकाले गत विगत देखि नै वार्षिक कार्यक्रममा तयार गरी सडक निर्माण कार्य उपभोक्ता समितिबाट गराउने तथा योजना सम्पन्न भए पश्चात उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । जसबाट उपभोक्ता समितिले निर्माण गरेका सडक योजनामा प्रत्येक वर्ष पहिरो सफाई तथा स्तरउन्नती कार्यको लागि भनी बजेट व्यवस्था गरी खर्च गर्दै आएको देखिन्छ । पालिकाले यस वर्ष पनि देहाय अनुसारका सडकहरुमा पहिरो सफाई कार्य गर्न पुनः उपभोक्ता समिति गठन गरी निम्नानुसार खर्च गरेको छ । तसर्थ लाभग्राही समुदायलाई हस्तान्तरण नहुने तथा मर्मत संभारको जिम्म नरहने योजनाहरु उपभोक्ता समितिबाट वर्षेनी संचानल गरी पुनः मर्मत तथा सफाई खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| **भौचर** | **मिति** | **उपभोक्ता समिति** | **लागत अनुमान** | **कार्य भएको** | **खर्च रकम** |
|---|---|---|---|---|---|
| २७६ | २०८०।०२।०४ | ख्याहा अर्गली कृषि सडक पहिरो रोकथाम तथा मर्मत | ३३०१३३ | ३३६७६६ | २९२००० |
| २२९ | २०८०।०१।११ | वडा नं.५ बटो मर्मत तथा संरक्षण समित | २२०५२४ | २२३९४८ | २००००० |
| २०० | २०७९।१२।२० | फेकको बाटो मर्मत तथा पहिरो सोरसार | ६०५१७८ | ६०७४८५ | ५३७६९३ |
| १६० | २०७९।१२।०१ | मोटरबाटो संभार समिति | ६६१८६० | ६६२०६३ | ६००००० |
| ३४ | २०७९।०७।२८ | मोटरबाटो संभार कोष उस | ५५०७३० | ५४८४६९ | ५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | २०७९।०९।०८ | वर्षादको पहिरो सफाई उस | ७४८९९४ | ७४४११२ | ६७०००० |
| ७८ | २०७९।१०।११ | मर्थिया गाक्षे मोटरबाटो मर्मत उस | ३३२३६८ | ३३३६२१ | ३००००० |
| ४३ HQ | २०८०।०९।०५ | आकस्मिक सडक मर्मत वडा नं.१, २ र ५ | ९९९४०४ | ९९७४०४ | ९९७४०४ |
| **जम्मा** | | | **४४४९१९१** | **४४५३८६८** | **४०९७०९७** |

सैद्धान्तिक बेरुजु

६७ **प्रधानमन्त्री रोजगार** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ८ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ११६ जनालाई ८८ देखि १०० दिन रोजगारी उपलव्ध गराई रु.४३ लाख ४८ हजार श्रमिक ज्याला खर्च गरेको छ । तर पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत दीर्घकालीन रोजगार सिर्जना गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख गरेकोमा यस वर्ष पनि सडक सफाई तथा नाली व्यवस्थापन कार्यमा लगाई खर्च लेखेकोले अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना, सिप विकास तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **पिपिसी सिमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै उपभोक्ता समितिसँग भएको सम्झौतामा समेत कार्यालयले तोके भन्दा फरक गुणस्तरमा कार्य गरेमा कार्यालयबाट भुक्तानी नहुने उल्लेख छ । कार्यालयले देहायका योजनामा ओ.पि.सि. सिमेन्टको प्रयोग गर्ने गरी लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग सम्झौता गरेकोमा उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरी प्रयोग गरेको मू..अ.कर बिजक समावेश गरेकामा समेत कार्यालयले लागत अनुमानकै दरमा भुक्तानी गरेको छ । जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.६९८.३४ (मू.अ.कर सहित) र पि.पि.सि. सिमेन्टको दर प्रति बोरा रु.६०४.५५ (मू.अ.कर सहित) रहेको छ । जसबाट एकातर्फ तोकिएको गुणस्तर बमोजिमको कार्य भएको छैन भने आर्कोतर्फ प्रति बोरा रु.९३.७९ का दरले बढी भुक्तानी भएको छ । तोकिएको गुणस्तरमा कार्य नभएको अवस्थामा यसले निर्माण कार्यको दिगोपनामा असर गर्ने देखिन्छ । नमुना छनौट गरिएका मध्ये अनुसूचीमा संलग्न रहे बमोजिमको योजनामा तोकिए भन्दा फरक गुणस्तरको निर्माण सामाग्रीको प्रयोग भएको अवस्थामा समेत लागत अनुमान कै दरमा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,६३४ |

**(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूची -३ मा संलग्न छ ।)**

६९ **फर्निचर खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०८४ को नियम ८५ मा रु. १० लाख भन्दा घटीको मालसमान सोझै खरिद गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले देहाय अनुसार फर्निचर तथा फिक्चर्सका सामान दुई ट्रक्रामा सोझै खरिद गरेको छ ।सभाको निर्णय मिति २०७९।९।२८ को निर्णय नं १० बाट एउटा शिर्षक थप भई दुई फरक फरक शीर्षकबाट खरिद भएकोले सो अनुसार खरिद गरिएको कार्यालय जनाएको छ । कार्यालयले एकमुष्ट लागत अनुमान तयार गरी प्याकेज बनाई खरिद नगरेको नियमित देखिएन

| **भौचर** | **मिति** | **विवरण** | **सप्लायर्स** | **रकम** |
|---|---|---|---|---|
| ४३३ | २०८०।०२।२१ | फेकस्वास्थ्य चौकीको लागि फर्निचर खरिद | भैरव फर्निचर एण्डमल्टी ट्रेडीङ्ग प्रालि | ३४९६३९ |
| ३०६ | २०८०।०२।१८ | स्वास्थ्यचौकी तथा वडा कार्यालय व्यवस्थपनका लागि फर्नीचर खरिद | आदील सप्लायर्स | ८०५८३७ |
| जम्मा | | | | ११५५४७६ |

| | |
|---|---|
| अनियमित भएको | ११,५५,४७६ |

७० **अनुपातिक कट्टी** - ढाप लिफ्ट अधुरो खानेपानी निर्माण कार्यको संशोधित लागत अनुमान तथा उपभोक्ता समितिसँगको सम्झौता अनुसार रु.११३७६५३ को कार्य गरेपश्चात उपभोक्ता समितिले रु.९९७५०० भुक्तानी पाउने देखिन्छ । उपभोक्ता समितिले रु.९९५९८१ को कार्य गरेकोमा अनुपातिक कट्टी गरी रु ८७३२८१ मात्र भुक्तानी पाउनेमा रु.९१९२४३ भुक्तानी भएको छ । जसअनुसार रु.४५९६२ बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,९६२ |

७१ **रोजगार कार्यक्रममा नर्म्स फरक परेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत पालिकाले नेपाल सरकारबाट स्वीकृत नर्म्स मध्ये पालिकाले नाली निर्माण कार्यमा भवनतर्फको नर्म्स प्रयोग गरेको देखिन्छ । उक्त नर्म्स अनुसार नरम माटो खन्ने कार्यको लागि ०.७ म्यानडेज प्रयोग गरी प्रति घनमिटर रु.४०३.९ प्रयोग गरेको छ । तर हार्ड सोईलको लागि दरविश्लेषण गर्दा ०.८ म्यानडेज प्रयोग गर्नुपर्नेमा २ म्यानडेज प्रयोग गरी प्रति घनमिटर रु.११५४ का दरले लागत

अनुमान तयार गरी सोही दरमा मुल्यांकन गरेको छ । जसअनुसार स्वीकृत नर्म्स भन्दा १.२ बढी म्यानडेज प्रयोग गरी लागत अनुमान तयारी गरी यस वर्ष ११६ जनालाई १०० दिन सम्म रोजगारी दिएको भनी कार्यविधिले तोके बमोजिमको रकम निजहरुको बैंक खातामा भुक्तानी दिएको छ । कार्यालयले स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गरी मुल्यांकन गरेको अवस्थामा थप २५ जनालाई १०० दिन रोजगारी दिन मिल्ने देखिन्छ । तसर्थ नर्म्स फरक पारी लागत अनुमान तथा मुल्यांकन गरी थप व्यायभार परेको रु.

| भौनं | मिति | योजना | हार्ड सोईल परिमाण | प्रयोग दर | प्रयोग गर्नुपर्ने दर | बढी दर | थप व्यायभार |
|---|---|---|---|---|---|---|---|
| ४२९ | २०७९।११।२८ | वडा नं ४ यूवा स्वरोगार कार्यक्रम, ०.४ मिटर गहिरो नाली खन्न | १७९.४७ | ११५४.०० | ४६१.६० | ६९२.४० | १२४२६५.०३ |
| ४३१ | २०७९।११।२८ | वडा नं ४ यूवा स्वरोगार कार्यक्रम, नाली व्यवस्थापन | ५९.८ | ११५४.०० | ४६१.६० | ६९२.४० | ४१४०५.५२ |
| ४३४ | २०७९।१२।०३ | वडा नं ३ यूवा स्वरोगार कार्यक्रम, नाली व्यवस्थापन | ६२.९९ | ११५४.०० | ४६१.६० | ६९२.४० | ४३६१४.२८ |
| ४३६ | २०७९।१२।०५ | वडा नं ३ यूवा स्वरोगार कार्यक्रम, नाली व्यवस्थापन | १०७.२२ | ११५४.०० | ४६१.६० | ६९२.४० | ७४२३९.१३ |
| ४५९ | २०८०।०१।१० | वडा नं ५ यूवा स्वरोगार कार्यक्रम, गोरेटो बाटो निर्माण | ११३.४८ | ११५४.०० | ४६१.६० | ६९२.४० | ७८५७३.५५ |
| ४६० | २०८०।०१।१० | वडा नं ५ यूवा स्वरोगार कार्यक्रम, गोरेटो बाटो तथा नाली निर्माण | २०७.६१ | ११५४.०० | ४६१.६० | ६९२.४० | १४३७४९.१६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५०७ | २०८०।०२।२५ | वडा नं २ यूवा स्वरोगार कार्यक्रम, गोरेटो बाटो निर्माण | ८३.६६ | ११५४.०० | ४६१.६० | ६९२.४० | ५७९२६.१८ |
| ५०८ | २०८०।०२।२५ | वडा नं २ यूवा स्वरोगार कार्यक्रम, गोरेटो बाटो निर्माण | १६०.९२ | ११५४.०० | ४६१.६० | ६९२.४० | १११४२१.०१ |
| ५२२ | २०८०।०२।२८ | ठीमुरे रोजगारी कामदार, नाली निर्माण | १६४.१४ | ११५४.०० | ४६१.६० | ६९२.४० | ११३६५०.५४ |
| ५२३ | २०८०।०२।२८ | वडा नं ६ यूवा स्वरोगार कार्यक्रम, गोरेटो बाटो तथा नाली निर्माण | ३१५.९५ | ११५४.०० | ४६१.६० | ६९२.४० | २१८७६३.७८ |
| ५२८ | २०८०।०२।३० | वडा नं ८ यूवा स्वरोगार कार्यक्रम, भल व्यवस्थापन | १०५.६८ | ११५४.०० | ४६१.६० | ६९२.४० | ७३१७२.८३ |
| ५३१ | २०८०।०२।३१ | वडा नं ८, पालुङ्ग डवका मैनादीमा गोरेटो बाटो तथा नाली निर्माण | ३०१.१२ | ११५४.०० | ४६१.६० | ६९२.४० | २०८४९५.४९ |
| ५३२ | २०८०।०२।३१ | वडा नं ७, बतासे डवका पालुङ्ग गोरेटो बाटो तथा नाली निर्माण | १३२.२४ | ११५४.०० | ४६१.६० | ६९२.४० | ९१५६२.९८ |
| ५३४ | २०८०।०२।३१ | वडा नं ८, ढुङ्गा छपाई तथा वाल निर्माण | १४४.८५ | ११५४.०० | ४६१.६० | ६९२.४० | १००२९४.१४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५९७ | २०८०।०३।२१ | वडा नं.१ मा खेलमैदान निर्माण तथा गोरेटो बाटो | १६४.०४ | ११५४.०० | ४६१.६० | ६९२.४० | ११३५८१.३० |
| ५९८ | २०८०।०३।२१ | वडा नं.१ मा खेलमैदान निर्माण तथा गोरेटो बाटो | १०४.२३ | ११५४.०० | ४६१.६० | ६९२.४० | ७२१६८.८५ |
| जम्मा | | | २४०७.४ | ११५४.०० | ४६१.६० | ६९२.४० | १६६६८८३.७६ |

| | |
|---|---|
| अनियमित भएको | १६,६६,८८४ |

७२ **पूँजीगत शीर्षक चालु प्रकृतीका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले देहाय अनुसारका वितरणमुखि कार्यक्रममा गाउँपालिका पूँजीगत शीर्षकबाट रु.२४३०८०३ खर्च लेखेको पाईयो । पूँजिगत शिर्षकबाट यस्ता प्रकृतिका वितरणमुखी कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| **भौचर** | **मिति** | **खर्चको विवरण** | **रकम** |
|---|---|---|---|
| ४३४ | २०८०।०३।२१ | वडा नं.२ को ४४ घरमा ईन्टरनेट जडान | २००००० |
| ३७९ | २०८०।०३।१८ | त्रिपाल खरिद तथा वितरण | ६७७६५ |
| ३४६ | २०८०।०३।१५ | स्वास्थ्य विमा | ७५६०० |
| ४३५ | २०८०।०३।२१ | प्रति लिटर रु.४ का दरले दुधमा अनुदान | १८४९४८ |
| ३२७ | २०८०।०२।२४ | सुन्तला उत्पादक किसानलाई अनुदान | ४०७२९६ |
| ३२५ | २०८०।०२।२४ | टमाटर उत्पादक किसानलाई अनुदान | १३३०७२ |
| २९८ | २०८०।०२।११ | प्रति लिटर रु.४ का दरले दुधमा अनुदान | ५१२६०६ |

| | | | |
|---|---|---|---|
| २८४ | २०८०।०२।०८ | सुन्तला र टमाटर उत्पादक किसानलाई अनुदान | १२९२०० |
| २७९ | २०८०।०२।०७ | उत्पादनमा आधारित अनुदान | ४६००० |
| २४१ | २०८०।०१।१३ | वडा नं. ४ लिफ्ट खानेपानी समितिहरुको विद्युत महशुल | ३५३२१७ |
| ४२ | २०७९।०९।०४ | वडा नं. ४ लिफ्ट खानेपानी समितिहरुको विद्युत महशुल | ५३२७० |
| ७० | २०७९।१०।११ | उत्पादनमा आधारित अनुदान | २६७८२९ |
| जम्मा | | | २४३०८०३ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **नगदी रसिद र राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।पालिकाले प्रयोग भएका नगदी रसिद सम्बन्धी अद्यावधिक विवरण पेश नगरेको, १०० थान ठेलि छपाई भएकोमा ७९ थान प्रयोग भएको देखिन्छ । प्रयोग भएका केहि रसिद ठेलि पेश नभएको, रसिद प्याडको सिलसिलेवार नम्बर अनुसार दैनिक आम्दानी रजिष्टर खडा नगरेको, पेश भएका रसिद ठेलिहरुको जोड जम्मा नगरेकोले कुल आम्दानी कति हुनुपर्ने हो यकिन हुन सकेन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७४ **मुल्य अभिवृद्धी कर** - पालिकाले ढुंगा गिट्टी बालुवा वापत वडा तथा पालिकाबाट यस वर्ष रु. २६०२२१५ असूल गरेको छ । उक्त रकममा १३ प्रतिशतले हुने मुल्य अभिवृद्धी कर रकम रु.२९९३७० संघीय संचितकोष दाखिला गरेको देखिएन । उक्त रकम दाखिला हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९९,३७० |

७५ **बाँडफाँड** - प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा अनुसूची ६ अनुसारको दरमा गिट्टी, ढुङ्गा, बालुवा बापत सङ्कलित कर संकलन गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकार मन्त्रिपरिषदले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी, ढुङ्गा, बालुवा बिक्री बापतको राजस्व स्थानीय तहले संकलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुने गरी बाँडफाँट गर्ने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले ढुङ्गा, गिट्टी, बालुवा लगायत प्राकृतिक श्रोतको बिक्रीबाट रु. २६०२२१५ आम्दानी गरेको छ । नेपाल सरकारको आर्थिक

ऐन, २०७५ को दफा ३४ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ च (३) (४) मा ढुङ्गा, गिट्टी र बालुवाको करमा दोहोरो अधिकार रहने, करको दरसम्बन्धी स्थानीय तहले संकलन गरी बाँडफाँट गर्ने व्यवस्था रहेकोमा सो व्यवस्था खारेज गरी दफा ६२(क) मा स्थानीय तहहरूले ढुङ्गा, गिट्टी, बालुवा बिक्री गरी प्राप्त रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गरेकोले उक्त रकम बाँडफाँट भएको छैन । तसर्थ तीनै सरकारको अन्तर समन्वय गरी राजस्व बाँडफाँट नबाझिने गरी स्पष्ट कानुनी व्यवस्था गर्ने र सोको आधारमा राजस्व संकलन तथा बाँडफाँट गर्नुपर्छ ।

सैद्धान्तिक बेरुजु

७६ **विभाज्य कोष** - नेपालको संविधान अनुसार खानी श्रेत्र बाहेक प्रकृतिक श्रोतको विक्री वितरण स्थानीय तह र प्रदेश सरकारको साझा क्षेत्राधिकारमा रहेको छ । सोही अनुसार बाँडफाँड हुने क्षेत्रको राजश्व दर प्रदेश सरकारबाट निर्धारण हुने तथा स्थानीय तहले संकलन गरी विभाज्य कोषमा आम्दानी बाँध्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन तथा प्रदेश आर्थिक ऐनले गरेको छ । तर पालिकाले ढुंगा गिटी वालुवा लगायतको बिक्रीबाट यस वर्ष रु. २६०२२१५ आम्दानी गरेकोमा विभाज्य कोषमा दाखिला नगरी पालिकाको आन्तरिक आय खातामा दाखिला गरेको छ । बाँडफाँड हुने रकम विभाज्यकोषमा दाखिला गरी बाँडफाँड पश्चात मात्र आन्तरिक श्रोत दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७ **त्रुटि सच्चाउने अवधि** - खरिद सम्झौताको खण्ड "सी" को ४२ मा समेत योजनाहरुको त्रुटि सच्चाउने अवधि सम्बन्धी अभिलेख राखि देखिएका समस्या तथा त्रुटिहरु उक्त अवधिमा सम्बन्धित निर्माण व्यवसायीबाट सच्चाउने लगाउने व्यवस्था छ । पालिकाले विगतमा निर्माण सम्पन्न भएका तथा यस वर्ष सम्पन्न भएका ५ योजनालाई त्रुटि सच्चाउने अवधि उल्लेख गरी अभिलेख राखेको छैन । जसले गर्दा निर्माण व्यवसायीलाई जिम्मेवार वनाउन नसकिने र त्यस्ता योजनाहरुमा त्रुटि सच्चाउने अवधि भित्रै थप लगानी गर्नुपर्ने अवस्था सिर्जना हुनसक्ने देखिन्छ । अत; त्रुटि सच्चाउने अवधिमा रहेका योजनाको अभिलेख अद्यावधिक गरी राख्ने एवम् सो अनुरुप अनुगमन गरी देखिएका समस्या र त्रुटिहरु सच्चाउने व्यावस्था मिलाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **स्टोन वाल** - पालिकाले ठेक्का नं. २।२०७७।७८, जलेश्वर धाम निर्माण कार्य अन्तरगत शिव मुर्ति निर्माण कार्यको लागि मिति २०७९।०२।१५ भित्र निर्माण सम्पन्न गर्ने गरी रु.५९५८५२३ मा मिति २०७९।०९।७ मा अमर कन्ट्रक्सनसँग सम्झौता गरेको छ । उक्त अवधि भित्र निर्माण कार्य सम्पन्न नभएकोमा मिति २०७९।०५।२१ को कार्यपालिकाको निर्णय अनुसार उक्त कार्यको म्याद २०७९ भाद्र मसान्त सम्म थप भएको देखिन्छ । उक्त अवधि भित्र निर्माण व्यवसायिले रु.५५२०२३७ कार्य गरी भुक्तानी लिएको देखिन्छ । मिति २०८०।०५।२६ मा लेखापरीक्षणको क्रममा गरिएको स्थलगत निरीक्षणमा निर्माण व्यवसायिले शिव मन्दीर अगाडी सिडी भन्दा तल चौरमा ११ मिटर लम्वाई भएको १:४ स्टोन वाल लगाएको छ । BOQ मा समावेश भएको स्टोन मेसिनरीको परिमाण बचत भएको कारण उक्त पर्खाल निर्माण गरेको लेखापरीक्षणको क्रममा जानकारी प्राप्त भएको छ । उक्त पर्खाल सिडीतर्फको वाटोको लागि सपोर्ट वाल पनि नभएको र ड्रेनको लागि समेत नभएकोले उक्त स्थानमा निर्माण भएको पर्खालमा प्रति घनमिटर रु.५५०० का दरले २४.०६ घनमिटर पर्खाल निर्माण वापत भुक्तानी भएको रु.१३२३३० श्रोतमाथि व्ययभार मात्र रहेको देखिन्छ । अतः BOQ को परिमाण बचत भएको आधारमा पर्खाल आवश्यक नै नभएको स्थानमा पर्खाल निर्माण गरे वापतको भुक्तानी भएको रु

| | |
|---|---|
| अनियमित भएको | १,३२,३३० |

७९ **ट्याक कोटमा बढी स्प्रे दर** - स्टयान्डर्ड स्पेसिफिकेसन अफ रोड एण्ड ब्रिज २०७३ (संशोधन २०७५) को टेवल नं.१३.१६ मा DBST गरीने सडकमा विटुमिन बाईन्डरको परिमाणमा २० एमएम डाउन अनकोटेड एग्रिग्रेडमा प्रति वर्गमिटर १.२ किलोग्राम मात्र राख्न पाउने व्यवस्था गरेको छ । तर पालिकाले ठेक्का नं. ३।२०७८।७९, हार्थोक देखि गाउँपालिका हुँदै बतासे मोटरबाटो स्तरउन्नती कार्यमा २० एमएम डाउन चिप्स साइजको फर्स्ट कोटको लागि विटुमिन १.४५ लिटर राखेको छ । जसअनुसार स्टयान्डर्ड स्पेसिफिकेसन भन्दा बढी हुने गरी ३०१६.०४ वर्गमिटरमा प्रति वर्गमिटर ०.२५ का दरले ७५४.२६ लिटर बढी विटुमिन खपत भएको परिमाण गणना गरी प्रति लिटर रु.१०५ का दरले रिदम कन्ट्रक्सनलाई रु.७९१९७ बढी भुक्तानी दिएको छ । स्टयान्डर्ड स्पेसिफिकेसन भन्दा बढी हुने गरी परिमाण गणना भई बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,१९७ |

८० **गैह्रसरकारी संस्था मार्फत कार्य** - पालिकाले रिब्दीकोट कृषि तथा पशु उद्यमशीलता विकास परियोजना मार्पत आबद्ध लाभग्राहीलाई स्वावलम्बी समूहहरू तथा सहकारीमा आबद्ध गर्दै सामाजिक पूँजीको अभिवृद्धि, व्यावसायिक कृषि तथा तरकारी उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि तथा बजार व्यवस्थापनमा सुधार, सुधारिएको बाख्रा तथा डेरी व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुसरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार, बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गरी गरिवी न्युनीकरणका लागि दीर्घकालीन परियोजना संचालन गर्न हेफर प्रोजेक्ट नेपालसँग मिति २०८० आषाढ १६ सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७७ फाल्गुण २८ मा रु.४ करोडको सम्झौता गरेको छ । पालिकाले सम्झौता अनुसार यस वर्षको रु. 5970३95 समेत हालसम्म रु.३8३591२४ हेफर नेपाललाई भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार रहेका छन् ।

८०.१ आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ । सम्झौताबमोजिम हालसम्म कल खर्च रु.५११४५४९९ रहेकोमा पशु खरिद तथा ढुवानीमा रु.१२७१४१८०, बागमवानी तथा ढुवानीमा रु.१२२६३२२१ कृषि सामाग्री तथा उपकरणमा रु.८३७०५७७ गरी कुल रु.३३३४७९७८ खर्च गरेको विवरणबाट देखिन्छ । उक्त रकम मध्ये पालिकातर्फ रु.३२९६५९७८ (९९.८९ प्रतिशत) र हेफर नेपालले रु.३८२००० (०.११) मात्र ब्यहोरेको देखिन्छ । त्यसैगरी हेफर नेपालबाट लागत साझेदारी भएको रु.१२७८६३७५ मध्ये तालिम, भ्रमण, तलब, प्राविधिक सेवा लगायतमा रु.१२४०४३७५(९७.०१ प्रतिशत) खर्च भएको देखिन्छ । हेफर प्रोजेक्टले परियोजनाका लागि २५ प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । गाउँपालिका आफैले सो कार्यक्रम कार्यान्वयन गरेको भए सोका लागि गाउँपालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकनसमेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.२ आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। परियोजना संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन हेफर प्रोजेक्ट नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। तालिम तथा प्राविधिक सेवा र मुल्यांकनको लागत, दर, र कृयाकलाप गाउँपालिकाले स्वीकृत गरेको पाइएन । प्राविधिक सेवा प्रदान गर्ने कार्यको लागत र सोका गतिविधि तथा सोमा के कति खर्च भयो देखिने स्पष्ट अभिलेख संलग्न नरहेको हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने रकम यकिन गर्न सकिएन। हेफर प्रोजेक्ट नेपाल गैर नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक निर्माण, प्राविधिक सेवा, कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट हुने देखिदैन । उद्यमशीलता परियोजना संचालनका लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा परियोजना संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा यस वर्षको भुक्तानी भएको रु.५९७०३९५ को आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्रकृतिका भुक्तानी लाग्ने कर रकम रु. ८९५५५९ सम्बन्धमा निर्क्यौल गर्नुपर्दछ ।

| प्रमाण पेश नगरेको | ८,९५,५५९ |
|---|---|

८०.३ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ अनुसार गाउँपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने उल्लेख छ। सो परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई उपलब्ध गराएको बजेट र सोबाट गरिएका खर्च सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ बमोजिम हुने गरी निर्धारण र कार्यान्वयन गराएको पाइएन । साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख गरे तापनि गाउँपालिकाको स्रोतको परिचालन र खर्च गर्न गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाललाई दिँदा सो अनुसार गरेको पाइएन ।यसले गर्दा यो वर्ष खर्च लेखेको रु.६० मध्ये पशु खरिद तथा ढुवानीमा रु. ३२८८६०, बागवानी तथा ढुवानीमा रु. २९५५४४०, कृषि उपकरण खरिदमा रु १७३४३१३ समेत रु. ५०१८६१३ को खरिद कार्य प्रतिष्पर्धी, स्वच्छ, मितव्ययी र विवेकपूर्ण ढंगबाट अधिकतम प्रतिफल हासिल हुने गरी गरेको भनि यकिन गर्न सकिएन । साथै, सोही ऐनको दफा ७३(३) बमोजिम प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्थाको पनि पालना गरेको नदेखिदा तथा संघीय खरिद ऐनबमोजिम खरिद गुरू योजना र वार्षिक खरिद योजना नबनाई परियोजनाका लागि ऐनबमोजिमको प्रकृया नअपनाई हेफर प्रोजेक्ट नेपालमार्फत् गरिएको खरिद कार्य नियमित, मितव्ययी र दक्षतापूर्ण रहेको भन्ने आधार पाइएन ।सो सम्बन्धमा जिन्सी दाखिलासहित खरिद कार्य मितव्ययी र नियमित रहेको पुष्टयाई पेश गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.४ पेश्कीको जमानत-सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) बमोजिम सेवा प्रदायकबाट त्यस्तो पेश्की रकम खाम्ने गरी बाणिज्य बैंकबाट जारी भएको पेश्की जमानत लिनुपर्ने व्यवस्था छ । रिव्दीकोट कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको लागि यस वर्ष गोभौ ६ मिति २०७९।१२।०५ मा रु. ३०००००० पेश्की उपलब्ध गराएको छ । उक्त पेश्की दिदाँ नियममा तोकीए बमोजिम पेश्की बैक जमानत लिएको देखिएन । तसर्थ सेवा प्रदायकलाई पेश्की दिदाँ तोकीए बमोजिम पेश्की जमानत लिनेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.५ कानुनी व्यवस्थाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाही करण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्र गत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेस गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि गाउँपालिकाले अनुमानित लागतको ७५ प्रतिशत खर्च रु.४,००,००,०००.०० बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो परियोजना कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानूनसम्मत देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

८०.६ पालिकाको कृषि तथा पशु शाखावाट समेत कृषि उपकरण तथा बीउ विजन र किसानलाइ अनुदान वापत यस वर्षमात्र रु. १३२०९३८९ अनुदान वितरण गरेकोमा हेफर नेपालले समेत प्रत्येक वडामा समुह निर्माण गरी अनुदान वितरण गर्ने गरेको देखियो । पालिकाले वितरण गर्ने अनुदान समेत प्रत्येक वडामा रहेकोमा हेफर नेपालले पालिकातर्फ यस वर्ष पशु खरिद तथा ढुवानीमा रु. ३२८८६० , बागवानी तथा ढुवानीमा रु. २९५५४४० , कृषि उपकरण खरिदमा रु १७३४३१३ समेत रु. ५०१८६१३ को अनुदान वितरण गरेकोमा खरिद तथा ढुवानी कार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको विपरित प्रतिस्पर्धा सिमित हुने गरी गरेको देखिन्छ । पालिका भित्रको कुल घरधुरी संख्या ४६४७ भएकोमा पालिकाको कृषि तथा पशुपन्छी शाखाबाट यस वर्षमात्र विभिन्न १५०१ कृषकलाई अनुदान विवरण गरेको छ । सोही प्रकृतिको कार्यमा हेफर नेपालले सम्झौता अनुसार पालिकाश्रोततर्फ मात्र रु.३८३५९१२४ को अनुदान वितरण गरेकोमा दोहोरो अनुदान वितरण हुन सक्ने देखिन्छ । पालिकाले दोहोरो अनुदान वितरण भए नभएको सम्वन्धमा एकिन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **जडान हुन बाँकी पाईप** - कार्यालयले संघ विशेष अनुदान ठेक्का नं. ५।२०७९।८० बाट रिब्दीकोट चुर्पुक खानेपानी योजना निर्माण कार्यको लागि हर्ज ईन्जिनिरिङ्ग प्रालिसँग २०८०।०३।२० भित्र कार्य सम्पन्न गर्ने गरी रु.५१३४९२५ मा मिति २०८०।०१।२१ मा सम्झौता गरेको छ । निर्माण व्यवसायिले रु.४७७८०२२ को कार्य गरी ठेक्का फरफारक भएको छ । ठेक्का विल तथा नापी किताब परीक्षण गर्दा निर्माण व्यवसायिबाट देहाय अनुसार रु.२७६५१८२ का ८७०८ मिटर पाईपहरु खरिद गरिएकोमा ६४३० मिटर मात्र जडान भएको देखिन्छ । निर्माण व्यवसायिले खरिद गरी साईटमा उपलब्ध गराएका तथा जडान नभई बाँकी रहेका पाईपहरु पालिका कार्यालयले जिन्सी आम्दानी बाँधेको देखिएन । साथै उक्त पाईपहरु साईटमा रहेको प्राविधिकको भनाई रहेको छ । तसर्थ कार्यालयले खरिद गरेका जडान हुन बाँकी पाईपहरु जिन्सी आम्दानी बाँधेको र जडान भएको प्रमाण पेश हुनुपर्दछ ।

| **क्र.सं.** | **पाईपको साईज** | **जडान मिटर** | **जडान हुन बाँकी पाईप** | **रकम** |
|---|---|---|---|---|
| १ | २० र २५ | १७०० | ४३० | ६५९८० |
| २ | ३२ | १७५० | १५० | ३१०१९ |
| ३ | ४० र ५० | २६३५ | १५७५ | ६०९५५० |
| ४ | ६३ र ७५ | ४५ | १२३ | ९६४१९ |
| ५ | ९० | ३०० | ३०० | २८४४२१ |
| | **जम्मा** | **६४३०** | **२५७८** | **१०८७३८८** |

| प्रमाण पेश नगरेको | १०,८७,३८८ |
|---|---|

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : रिब्दिकोट गाउँपालिका, पाल्पा , रिब्दीकोट गाउँपालिका , पाल्पा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | मदन अर्याल | २०७९-५-२० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पवन अर्याल | २०७८-५-२८ | २०७९-१२-१९ |
| लेखा प्रमुख | मन्जु पन्थी | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७५०,७८२ | ६,१५२,४३७ | २,५१८,४५२ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ९,४२१,६७१ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३५,५०० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९,३८६,१७१ |

**आर्थिक कारोबारको स्थिति**

**अनुसूची - १**

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १४८१४७५६५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९१०७६७६५ | **चालु खर्च** | ३२७८००३४१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३२६९९७९० | **पूँजीगत खर्च** | १३६७६३१६३ |
| **राजश्व बाँडफाँट** | ७२४२९५९८ | **वित्तीय/अन्य व्यवस्था** | ५२७५२५३.० |
| **आन्तरिक आय** | ५८६४८७०.० | | |
| **अन्य आय** | २०९२८७५.० | | |
| **कुल आय** | ४०४१६३८९८ | **कुल खर्च** | ४६९८३८७५७ |
| **बाँकी मौज्दात** | | ८२४७२७०६ | |

**बेरूजु दफा ६३ सँग सम्बन्धित विवरण-अनुसूची- २**

समितिबाट जटील प्रकृतीको कार्य

| **भौचर** | **मिति** | **उपभोक्ता समिति** | **कार्य** | **निर्माणव्यवसायी** | **निर्माणव्यवसायीको विल रकम** | **भएको** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|---|---|
| ४८४ | २०८०।०३।२४ | दुधुङ्ग गहिरा लिफ्टखानेपानी | लिफ्टीङ्ग सम्बन्धीकार्य सामान खरिद तथा जडान | अल्फाविटाईन्जिनीयरीङ्ग प्रालि | १०८१६१० | १३११६९६ | ११३२८२९ |
| ४५२ | २०८०।०३।२४ | खोप्चोखोला लिफ्ट खानेपानी | लिफ्टीङ्ग सम्बन्धीकार्य | अल्फाविटाईन्जिनीयरीङ्ग प्रालि | ११९०५१३ | १६३६२४३ | १४७६१७५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सामान खरिद तथा जडान | | | | |
| ४५१ | २०८०।०३।२३ | ढाप लिफ्ट अधुरो खानेपानी | लिफ्टीङ्ग सम्बन्धीकार्य सामान खरिद तथा जडान | अल्फाविटाईन्जिनीयरीङ्ग प्रालि | ८३६२०९ | ९९५९८० | ९७१८४३ |
| ३२६ | २०८०।०२।२४ | झरझरे लिफ्ट अधुरो खानेपानी | लिफ्टीङ्ग सम्बन्धीकार्य सामान खरिद तथा जडान | परफेक्ट वाटर पम्प सप्लायर्स | ६४३६८८ | १०२६५३६ | ९२४०९९ |
| २७६ | २०८०।०२।०४ | ख्याहाअर्गलीकृषि सडक पहिरो रोकथाम तथा मर्मत | पहिरो सफाई | श्रृङ्गेश्वरईन्टरप्राईजेज | २८२३८३ | ३३६७६६ | २९२००० |
| २५१ | २०८०।०१।२० | कन्टीपोखरा मुटकादेउराली मोबा | सडकनिर्माण तथास्तरउन्नती | श्रृङ्गेश्वरईन्टरप्राईजेज | ५०६९३६ | ५६०१८३ | ५००००० |
| २२९ | २०८०।०१।११ | वडानं.५ बटोमर्मत तथा संरक्षण समित | पहिरो सफाई | घिमिरेकन्स्ट्रक्सन | २२१०१० | २२३९४८ | २००००० |
| २०० | २०७९।१२।२० | फेककोबाटो मर्मततथा पहिरो सोरसार | पहिरो सफाई | सुभद्रानिर्माण सेवा | ५४१८६१ | ६०७४८५ | ५३७६९३ |
| १६० | २०७९।१२।०१ | मोटरबाटोसंभारसमिति | पहिरो सफाई | सुभद्रानिर्माण सेवा | ६६२०६३ | ६६२०६३ | ६००००० |
| ३४ | २०७९।०७।२८ | मोटरबाटोसंभारकोष उस | पहिरो सफाई | सिद्धबाबासप्लायर्स | ४९०७६३ | ५४८४६९ | ५००००० |
| ४७ | २०७९।०९।०८ | वर्षादकोपहिरो सफाई उस | पहिरो सफाई | सिद्धबाबासप्लायर्स | ७४४०३९ | ७४४११२ | ६७००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७८ | २०७९।१०।११ | मर्थियागाक्षेमोटरबाटो मर्मत उस | पहिरो सफाई | श्रृङ्गेश्वरईन्टरप्राईजेज | ३००२५८ | ३३३६२१ | ३००००० |
| प्र ५९ | २०८०।०३।२४ | बतासेदेखीढिकीचौरमोबा | सडकनिर्माण तथास्तरउन्नती | सुभद्रानिर्माण सेवा | ५४३९९५ | ५४४०२५ | ४६८७३२ |
| प्र ३९ | २०८०।०३।०६ | आदर्शमाविदेउराली ट्रस भवन | ट्रसनिर्माण | न्यू भैरवसप्लायर्स | ५२११६० | ५५६३३९ | ४७५००० |
| जम्मा | | | | | ८५६६४८८ | १००८७४६६ | ९०४८३७१ |

**बेरूजु दफा ६८ सँग सम्बन्धित विवरण-अनुसूची-३**

| भौ.नं. | मिति | योजना/उपभोक्ता समिति | उ.स.ले विल पेश गरेको सप्लायर्स | उ.स.ले विल पेश गरेको विल अनुसार PPC सिमेन्ट बोरा | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| सं.स.४२ | २०८०।०३।२४ | राधाकृष्ण प्रावि ख्याहा | लुम्बिनी त्रिशक्ती सप्लायर्स ६००४६८६७९१ सुप्रिम ईम्पेक्स ६५१२३२१५१३ | ३०० | २८१३७ |
| सं.स.३९ | २०८०।०३।२४ | कान्ताश्रम पर्यटन पूर्वाधार विकास | सिडी सप्लायर्स ६०६९८५४७५ भैरव हार्ड वेयर ६०२४६८३६५ | ८० | ७५०३ |
| गापा २६८ | २०८०।०३।१८ | भैरव स्थान होमस्टे प्रवर्द्धन | सिडी सप्लायर्स ६०६९८५४७५ | ६८ | ६३७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| गापा ३४८ | २०८०।०३।०६ | कालीनाग प्राथमिक विद्यालय | सूवेदी हार्डवेयर ६०६६११४३१ ६७४५४ नयाँ भैरव ट्रेडर्स ३०१२ | १११ | १०४११ |
| गापा ३२६ | २०८०।०२।२४ | झरझरे लिफ्ट अधुरो खापा | सिडी सप्लायर्स ६०६९८५४७५ | १२५ | ११७२४ |
| गापा २८९ | २०८०।०२।०९ | हात्तीपाँउ घोर्ले खरक पिपलछेडा बोखर | जिसी हार्डवेयर ६०६१०५८७९ | २६० | २४३८५ |
| गापा २०२ | २०७९।१२।२० | घझरपानी टोल भवन फेक | ईशा स्नेहा निर्माण सामाग्री ६१७३५७९३३ | ६५ | ६०९६ |
| जम्मा | | | | १००९ | ९४६३४ |